जननी जन्मभूमिश्च स्वर्गादपि गरियसी
(Mother And Motherland Are Greater Than Heaven)

# ग्रेटर नेपाल

(देशभक्ति, पर्यावरण र सामाजिक विकासमा समर्पित)
Greater Nepal National Weekly
राष्ट्रिय साप्ताहिक

वर्ष ९ अंक १, २०७७ साल साउन ९ गते शुक्रबार, नेपाल संवत् ११४० (July . 24, 2020) Website : www .greaternepal .com .np मूल्य रु. १० ।-

## महामारी सकिएको होइन

काठमाडौं । तीन महिना कडा र एक महिना खुकुलो बन्दाबन्दीलाई सरकारले हटाएसँगै महामारी समुदाय स्तरमै फैलिन सक्ने भन्दै विज्ञहरुले चिन्ता व्यक्त गर्न थालेका छन् ।

सरकारले चैत ११ गते लकडाउन घोषणा गर्दा उपत्यकामा संक्रमितको संख्या दुई थियो । त्यसमा पनि एक जना निको भइसकेका थिए । तर जब भारतबाट नेपाली कामदारहरु नेपाल फर्किन थाले, कडा लकडाउनका बीच पनि कोरोना महामारी तीव्र रुपमा फैलिन थाल्यो । अहिले संक्रमितको **बाँकी ८ पेजमा**

## रोकिएन भारतीय सडक विस्तार

काठमाडौं । भारतीय अतिक्रमणको ज्यादती झनै बढ्न थालेको छ । हालै भारतले महाकाली नदीपूर्व नेपाली भूभाग गुन्जी हुँदै लिम्पियाधुरातर्फ जाने सडक आफूखुसी बनाइरहेको छ । भारतको सीमा सडक संगठन बोर्डर रोड अर्गनाइजेसन (बीआरओ) ले गुन्जी-जोलिंकन सडक निर्माणलाई तीव्रता दिएको हो ।

भारतीय पत्रिका अमर उजालाले लेखेको छ- 'बीआरओले तवाघाट-लिपुलेक सडक लिंक गरेपछि गुन्जीबाट जोलिंकन **बाँकी ८ पेजमा**

# लिम्पियाधुरा नक्सामै सीमित ?

काठमाडौं । सरकारले सन् १८१६ मार्च ४ को सुगौली सन्धिअनुसार कालीनदीपूर्वका लिम्पियाधुरा, कालापानी र लिपुलेक क्षेत्र समेटेर नेपालको नयाँ राजनीतिक र प्रशासनिक नक्सा गत जेठ ७ गतेदेखि लागू गरेको छ । भारतीय कब्जामा रहेका ती भूभाग यसअघि प्रचलनमा रहेको नेपालको नक्सामा थिएनन् । नक्सा जारी भएसँगै नेपालको क्षेत्रफल करिब ३ सय ३५ वर्गकिलोमिटर बढी भएको छ । यसअघि नेपालको भूभाग १ लाख ४७ हजार १ सय ८१ वर्गकिलोमिटर मानिँदै आएको थियो । नेपालको नयाँ नक्सामा लिम्पियाधुरा माथिबाट बग्ने कालीनदी पूर्वका गुन्जी, नाभी, कुटी लगायतका भूभाग स्पष्ट देखिएका छन् ।

तर नेपालले जारी गरेको नयाँ राजनीतिक एवं प्रशासनिक नक्सालाई छिमेकी मुलुक भारतले अस्वीकार गर्दै आएको छ । उक्त नक्सा ऐतिहासिक तथ्य र प्रमाणमा आधारित नभएको भारतको दाबी छ । तर लिम्पियाधुरासम्मको भूभाग नेपालको हो भन्ने प्रमाण खोज्न टाढा जानै पर्दैन, भारतले गत २ नोभेम्बर (१६ कात्तिक) मा जारी गरेको नक्सा नै काफी छ । भारतले त्यसबेला जारी गरेको राजनीतिक नक्सामा स्पष्ट रुपमा लिम्पियाधुराबाट निस्केको नदीलाई कालीनदी भनिएको छ ।

सर्भे अफ इन्डिया (भारतीय नापी विभाग) बाट जारी सो राजनीतिक तथा प्रशासनिक नक्सा विभागको वेबसाइट www.survey of india.gov.in मा उपलब्ध छ । भारतले जारी गरेको नक्साले नै उसले कालीभन्दा पूर्वको नेपाली भूभाग अनधिकृत रुपमा अतिक्रमण गरेको हो भन्ने पुष्टि हुन्छ । २ नोभेम्बरमा भारतले जारी गरेको अंग्रेजी संस्करणको नक्सामा कालीनदी अंकित छ । तर लगत्तै ८ नोभेम्बर (२२ कात्तिक) मा त्यही नक्सा संशोधन गरेर प्रकाशित गऱ्यो जसमा नदी छ । तर काली नाम हटाइएको छ । भारतले आफ्नै दस्तावेजमा बेइमानी गरेर नेपाली भूमि कब्जा गर्न खोजेको हो भन्ने प्रस्टै हुन्छ । त्यस्तै २८ फेब्रुअरी (१६ फागुन) मा




हिन्दी र संस्कृत भाषाको नक्सा पनि जारी गरियो । त्यसमा पनि काली नदीको नामै छैन । तर भारतले नयाँ नक्सा अपलोड गरे पनि २ नोभेम्बरको नक्सा अहिले पनि सर्भे अफ इन्डियाको वेबसाइटमा देख्न सकिन्छ । त्यसैगरी सर्भे अफ इन्डियाले २ नोभेम्बरमा अपडेट गरेको फेसबुक पेजमा पनि कालीनदी सहितको नक्सा छ ।

सन् १८१६ मार्च ४ मा तत्कालीन इस्ट इन्डिया कम्पनी र नेपाल सरकारबीच भएको सुगौली सन्धिको धारा ५ अनुसार कालीनदी र त्योभन्दा पूर्वको भूभाग नेपालको हुने उल्लेख छ । काली नदीलाई सीमा नदी मानी कालीको पूर्व नेपाल र पश्चिम भारत हुने गरी अन्तर्राष्ट्रिय सिमाना त्यही सन्धिका आधारमा तय भएको हो । तर भारतले लिपुलेक नजिकबाट बग्ने लिपुखोलालाई कालीनदीको मुहान दाबी गर्दै त्यसभन्दा पश्चिमको भूभाग कब्जा गरेको थियो । तर भारतले नै जारी गरेको नक्सामा लिम्पियाधुराबाट आएको नदीलाई कालीनदी भनिएको छ । त्यसो त लिम्पियाधुराबाट निस्कने नदीलाई काली नदी भनिएको यो पहिलो पटक होइन । ऐतिहासिक नक्साहरु प्रमाणका रुपमा बोल्दै आएका छन् ।

सुगौली सन्धिपछि सन् १८२७ मा सर्भे अफ इन्डियाले तयार गरेको नक्सामा पनि लिम्पियाधुराबाट बग्ने नदीलाई रिभर अफ काली भनिएको छ । त्यस्तै सन् १८५६ मा सर्भे अफ इन्डियाले कलकत्ताबाट प्रकाशित गरेको नक्सामा पनि लिम्पियाधुराबाट बग्ने नदीलाई रिभर अफ काली भनिएको छ । सन् १८७९ र त्यसपछि जारी गरिएका नक्सामा भने कार्टोग्राफिक संकेत चिन्हबाट कालापानी र लिपुलेकलाई भारततर्फ पारियो । त्यही आधारमा भारतले लिम्पियाधुरादेखि कालापानीसम्मको भूभाग कब्जा गरेर आफ्नो फौजी पोस्ट स्थापना गरेको छ । कालापानीमा वि.सं. २०१८ मा भारत चीन युद्धको बेलादेखि भारतीय सेनाको क्याम्प खडा गरिएको हो ।

सन् १९६२ (२०१९) मा चीनसँगको युद्धमा भारत कालीनदी पार गरेर नेपाली भूमिमा प्रवेश गरेको हो । भारतले पुरानो नेपाली नक्सामा समेटिएको कालापानी क्षेत्रको ६० वर्गाकिलोमिटर भूभाग समेत आफ्नो कब्जामा लिएको छ । त्यहीँ भारतीय सैनिकको क्याम्प छ' भारतले नेपालको उत्तरी सीमामा राखेका १७ वटा सुरक्षा पोस्ट २०२६ सालमा फिर्ता गर्दा कालापानीमा भने यथावत राखेको थियो । अहिले पनि त्यहाँ भारतीय फौजले परेड खेलिरहेकै छन् ।

सन् १८१६ मार्च ४ मा भएको इस्ट इन्डिया कम्पनी र नेपाल सरकारबीच भएको सन्धि नै लिम्पियाधुरा नेपालको हो भन्ने दरिलो आधार र प्रमाण हो । सो सन्धिमा नेपालका तर्फबाट राजगुरु गजराज मिश्र चन्द्रशेखर उपाध्यायले हस्ताक्षर गरेर अंग्रेज (इस्ट इन्डिया कम्पनी) सरकारका लेफ्टिनेन्ट कर्णेल पेरिस ब्राडसालाई **बाँकी ८ पेजमा**

## भगवान् रामको राजनीतिक रहस्य

नेपालमा हामीले जानेबुझे अनुसार कहिल्यै स्थिर राज्यसत्ता रहेन र राजनीति पनि स्थिर रहेन भन्दा अतिशयोक्ति नहोला । सरकार त झन हामीले केही दिन, महिना वा सालमा परिवर्तन भएको कटु अनुभव छ । के सुशासन वा दीर्घ शासनसत्ताको लागि दुई-तिहाई बहुमतको नै सरकार चाहिन्छ ? हामी त्रेतायुगका अति प्रशिद्ध राजा तथा हिन्दू धर्मका सातौं तथा पूर्ण सुखमय विष्णुको अवतार सबैले मान्ने तथा स्वयं श्रीरामले सबैलाई भन्नुभए अनुसार उनै श्रीरामको राजनीतिलाई एकक्षण धर्मलाई गौण राखेर हरेक मनुष्यले अध्ययन गरौं ताकि उनका स्थिर राज्यबारे हामीले रहस्य जान्नेछौं । भनिन्छ, उनले रावण बध गरी त्यसबेलाको एघार हजार वर्ष आजको कलियुगमा एघार लाख भन्दा एघार वर्ष उनले सुखपूर्वक निष्कंटक राज्य गरेका थिए । उनी सातद्वीपका अधिपत्य जितेका थिए । उनको अयोध्या राज्यमा कहिल्यै अकाल परेन, चोरी भएन, कसैको अकाल मृत्युभएन, अतिवृष्टि, अनावृष्टि, मुसो वा पक्षीबाट खेतीका नाश,



राज्यद्रोहले विपत्ति आएन, कोही दरिद्र, चिन्तातुर वा रोगपीडित भएन, कोहीपनि उनको राज्यमा भिखारी, दुराचारी, पापी, क्रुर, क्रोधी र कृतध्न भएनन् ।

दण्डकवन निवासी नृसिंह मुनिका पुत्र श्रीरामदासले आफ्ना शिष्य श्रीविष्णुदासलाई सुनाएका कथालाई उद्धरणगर्दै शिवजी माता पार्वतीलाई भन्नुहुन्छ कि एक दिन श्रीमान् रामले एकान्तमा लव, कुश, लक्ष्मण, भरत तथा शत्रुध्नलाई बोलाएर राजनीतिबारे यसरी शिक्षा दिए - हे कुश ! म बैकुण्ठ गईसकेपछि तिमि नै राजा बन्नेछौं । राजालाई चिरकालसम्म यस संसारमा जिवित रह्न कहिल्यै झुठ बोल्नु हुंदैन र सुखी रह्न कामी र क्रोधी हुनुहुंदैन । **बाँकी ८ पेजमा**

## ओलीले फाले महाधिवेशनको पासा

काठमाडौं । मुलुक यतिबेला कोरोना, सलह र बाढी पहिरोबाट आक्रान्त छ । कोरोना महामारी नियन्त्रणका लागि सरकारले गत चैत ११ गतेदेखि देश नै लकडाउन गऱ्यो । असार १ बाट केही खुकुलो भएको लकडाउन ६ गते मंगलबार मध्यरातबाट सरकारले अन्त्य गरेको छ । लकडाउनले आम नागरिकको जीवनमा नै तवाही मच्चाएको छ । हजारौं मानिसहरु बेरोजगार भएका छन् । रोजी रोटी गुमाएर विदेशबाट फर्किने नेपाली कामदारहरुको घुइँचो अझै बाक्लिएको छैन । लकडाउनले देशकै अर्थतन्त्रलाई खुम्च्याइदिएको छ । आसन्न खाद्यान्न संकटले अझ भयावह स्थिति आउन सक्ने चेतावनी विज्ञहरुले दिइरहेका छन् । देशको यस्तो जटिल र कहालिलाग्दो अवस्थामा समेत सत्तारुढ दल नेकपाका नेताहरु भने सत्ताको खेलमा जिउज्यान नै छाडेर लागिरहेका छन् । देश र जनताप्रति उनीहरुलाई बाल मतलब छैन ।



प्रधानमन्त्री केपी ओलीले मदन जयन्तीका अवसरमा बालुवाटारमा भएको एक कार्यक्रममा भारतले आफूलाई हटाउन खोजेको र त्यसमा पार्टीभित्रकै नेताहरुको साथ रहेको संकेत गरेपछि नेकपाभित्र खैलाबैला मच्चियो । असार १५ गते साँझ प्रचण्ड निवास खुमलटारमा प्रचण्ड निकट र माधव नेपाल निकट नेताहरु भेला भए । सो भेलाले ओलीको अभिव्यक्ति पदीय मर्यादा विपरीत आएकाले सरकार र पार्टी दुवैको नेतृत्वबाट राजीनामा माग्ने निष्कर्ष निकाल्यो । १६ गतेको सचिवालय बैठकमा प्रचण्डले ओलीको राजीनामा एजेन्डाका रुपमा प्रवेश गराए । १७ गतेको बैठक पनि ओलीकै राजीनामा वरिपरि घुम्यो । प्रचण्ड र नेपाल पक्षधरहरु आक्रामक बन्दै गए । तर ओली डगमगाएनन् । आठ पटकसम्म स्थायी कमिटी बैठक स्थगित गरेर दाहाल, नेपाल र ओली गुटका शीर्ष नेताहरुले बाक्लै छलफल र भेटघाट गरे । उनीहरुले ओलीलाई आजभोलि नै राजीनामा गर्न दबाब दिए ।

यता ओलीले सभामुख समेतलाई थाहा नदिई संसद अधिवेशन स्थगित गरिदिए । उनले दल विभाजनसम्बन्धी अध्यादेश ल्याउने सन्देश पनि पटक पटक सुनाउन बाँकी राखेनन् । निर्वाचन आयोगमा नेकपा **बाँकी ८ पेजमा**

## ओली खुइल्याउने बुद्धिजीवीहरू

काठमाडौं । नेकपाभित्रकै सक्रिय बुद्धिजीवीहरु अहिले केपी ओली खुइल्याउने मिसनमा सक्रिय बनेका छन् । प्रचण्ड, माधव, झलनाथ, वामदेवहरुको गठबन्धन बनेपछि ओलीविरुद्ध ओलीकै भाषामा अरिंगाल शैलीमा खनिन थालेका बुद्धिजीवीहरुले विभिन्न पत्रिकाहरुमा नियमित रुपमा खोइरो उतार्ने काम गरिरहेका छन् ।

एक सूत्रले दिएको जानकारीअनुसार प्रचण्ड, माधव समूहले बुद्धिजीवीहरुलाई नियमित रुपमा लेख्ने मसला र खर्चपानी समेत सप्लाइ गरिरहेका छन् । राष्ट्रिय दैनिकका चर्चित स्तम्भकार बुद्धिजीवीहरुलाई बेला बेला भेटघाट र सन्ध्याकालीन मनोरञ्जनको व्यवस्था समेत प्रायोजन **बाँकी ८ पेजमा**

## भारतीयसँग क्षतिपूर्ति मागिने

काठमाडौं । नेपालको सीमा अतिक्रमण गर्दै भारतको विस्तारवादी चरित्र प्रदर्शन गर्ने भारतीय शासकहरु सिमानामा नेपालको भूमि मिच्दै स्थानीय बासिन्दालाई कुटपिट लुटपिट र अन्याय अत्याचार गर्दै आएका समाचारहरु छन् । सिमानामा नेपाली भूमिमा बसोबास गर्ने नेपालीलाई डर, त्रास र आतंकको निशाना भारतीय सुरक्षा फौजले बनाउँदै आएको सम्बन्धमा स्थानीय रक्षा, गृह र परराष्ट्र मन्त्रालय मौन देखिँदै आएकोमा जनता चिन्तित छन् । मेचीदेखि महाकालीसम्म पूर्वी र दक्षिणी सिमाना अतिक्रमणका साक्षीहरु स्थानीय जनता अहिले आफ्नो भूमि रक्षाका लागि खतरा सहेर सामना गरिरहेका छन् । सिमाना पीडित जनताले भारतसँग क्षतिपूर्ति माग गर्ने पनि बताइएको छ ।

एक अर्को समाचार अनुसार उत्तरी सीमामा भारतीय सेनाका चेकपोस्टहरु रहेका अवस्थामा भारतीय यौन उन्मादी सेनाहरुले **बाँकी ८ पेजमा**

## मालेले सम्झ्यो पुष्पलाललाई





काठमाडौं । नेकपाका संस्थापक नेता क. पुष्पलालको ४२ औं स्मृति दिवसको सन्दर्भमा नेकपा (माले) केन्द्रीय कार्यालयले आयोजना गरेको विशेष प्रशिक्षण कार्यक्रम सम्पन्न भयो ।

उक्त कार्यक्रममा महासचिव कमरेड सीपी मैनालीले समसामयिक राजनीतिसम्बन्धी प्रशिक्षण दिनुभएको थियो । प्रशिक्षणको क्रममा महासचिव मैनालीले आज विश्व साम्राज्यवादी तथा क्षेत्रीय प्रभुत्ववादीहरू हिन्द-प्रशान्त रणनीतिअन्तर्गत संयुक्त रूपमा र त्यसै रणनीतिको अंशसहित आ-आफ्नो हितसाधनका निम्ति आफ्ना गुप्तचर, कुटनीतिक माध्यम र यहाँ क्रियाशील आफ्ना गुमस्तामार्फत नेपालमा नाङ्गो रूपले गतिविधि बढाइरहेका छन् । उनका गतिविधिले नेपाली अस्तित्वमाथि नै प्रश्नचिन्ह खडा भएको छ । त्यसकारण चार धारका देशभक्तहरूको एकीकृत पहलले मात्र मुलुकको राष्ट्रियता, सार्वभौमसत्ता र भूअखण्डता बचाउन सकिने बताउनुभयो ।

मैनालीले हाल देखिएको सत्ताधारी दलको आन्तरिक गुट संघर्ष सत्ता बचाउने र सत्तामा पुग्ने नियतमा आधारित रहेकोमा यदि उनीहरूले महाधिवेशनलाई द्वन्द्व निरूपणको थलो बनाउन सहमत भए भने अब सैद्धान्तिक संघर्ष समेत शुरू हुने **बाँकी ८ पेजमा**

## नेकपाको विवादले देशका समस्या ओझेलमा

**समय-सन्दर्भ**

**पूर्ण ओली (पूर्वमहासेनानी)**



विचार र स्वभाव विपरीत ध्रुवमा रहेका केपी ओली र पुष्पकमल दाहल दुवै सत्ता स्वार्थका लागि मिल्न बाध्य भएका थिए । प्रधानमन्त्री केपी ओलीलाई आफ्नो पार्टीलाई बहुमतमा पुऱ्याउनु थियो भने पुष्पकमल दाहाललाई आफ्नो दलको अस्तित्व जोगाउनु थियो ।

केपी ओली तात्कालिन निरंकुश भनिएको पंचायती व्यवस्थाको विरुद्धमा उठेको झापा आन्दोलनबाट आएका थिए भने पुष्पकमल दाहालको पृष्ठभुमि बहुदलीय प्रजातन्त्रको विरुद्धमा गरिएको सशस्त्र विद्रोह थियो । तात्कालिन माले पार्टीका आन्दोलनकारीहरुले उक्त आन्दोलनमा भएका हत्याका कारण लामो समयसम्म जेल सजाय भोगेर बाहिर आएका हुन् । प्रचण्डहरुले १७,००० मानिस मार्दा पनि कुनै सजाय पाएनन् । मालेबाट पछि एमाले हुँदै पुराना गल्तीलाई सुधारेर प्रजातन्त्र र मानवअधिकारलाई अंगिकार गर्दै अघि बढेको एमाले पार्टीले उक्त आन्दोलन स्वदेशमै जनताका बीचमा बसेर आवधिक निर्वाचनबाट जनताबाट अनुमोदित हुँदै आएको थियो ।

प्रचण्डको एकल नेतृत्वमा लामो समयसम्म रहेको माओवादी नेताहरु भारतमा बसेर दिल्ली सरकारलाई रिझाएर नेपालका युवाहरुलाई द्वन्द्वमा लडाएका थिए । शुरुमा भ्रष्टाचार, कुशासन तथा सामाजिक कुरीति विरुद्धमा गरिएको आन्दोलन पछि त्यसतर्फ उनीहरुले कुनै काम गरेनन् । कालान्तरमा भारतलगायत पश्चिमाको सल्लाह र सहयोगमा नयाँ एजेण्डा फसेपछि माओवादीले राष्ट्र र जनहितमा कुनै निर्णय गरेन ।

पहिला तरबार बेचुवा र घिउ बेचुवा जस्ता केपी र प्रचण्ड दुबै सत्ता स्वार्थ र उत्तरी छिमेकी चीनको पनि सल्लाहमा मिलेका हुन् भन्ने कुरा पनि बाहिर आएको थियो । जनता पनि लामो समयसम्म नेपाली कांग्रेसको कुशासनबाट आजित भइसकेका थिए । जनतामा भिजेका र राष्ट्रप्रेमको कुरा बारम्बार गरिरहने कम्युनिष्टबाट देशको कायापलट हुने आसामा निर्वाचनमा जनताले राम्रो मत दिएर जिताए । तर नेकपाले चुनावमा गरेका वाचा पूरा नगरी सरकारले जनताका चाहनालाई बेवास्ता गर्दा जनता आक्रोसित भए । यही अवसरमा उता प्रचण्डको सधैं नेतृत्वमा बस्ने बानी र माधव नेपालहरुको महाधिवेशनमा भएको हार **बाँकी ८ पेजमा**




सुरेन्द्र ढकाल प्रतिष्ठानको लागि
**सम्पादक/प्रकाशक**
**सुरेन्द्रप्रसाद ढकाल**

**कार्यकारी सम्पादक**
**तेजेन्द्र प्रसाईं**

**प्रबन्ध सम्पादक**
**कृष्णराज दुलाल**

**प्रबन्ध निर्देशक**
**किरण थापा**

**अतिथि सम्पादक**
**विष्णु भट्टराई**

**सम्पादन सहयोगी**
**गोविन्द विक**

**बजार व्यवस्थापन**
**रामशरण रिमाल**

**आजीवन सल्लाहकार**
योगाचार्य वासुदेव ढकाल, डा. द्वारिकानाथ ढुंगेल, प्रा.डा. चन्द्रबहादुर जोशी, प्रा.डा. तुलसी पाठक, प्रा.डा. पार्थिवेश्वर तिमिल्सिना, प्रा.डा. नोवेलकिशोर राई, प्रा.डा. मुकुन्द रञ्जित, श्री बुद्धिनारायण श्रेष्ठ, प्रा.डा. त्रिविक्रम भट्टराई, श्री युवराज भुसाल, डा. रोशना श्रेष्ठ, ई.श्री नरेन्द्रभूपाल मल्ल श्री सुष्मा वज्राचार्य, ई. ध्रुव थापा, श्री उर्मिला जोशी, श्री वीरेन्द्रकुमार सिंह, श्री माधवप्रसाद उपाध्याय ढुंगेल, श्री खगेन्द्र ढकाल, डा. रीता सिंह (हमाल), श्री योगेन्द्रनाथ सुवेदी, श्री सम्झना पोखरेल (शाह), श्री कञ्चनमणि दीक्षित, श्री कृष्णहरि बाँस्कोटा, श्री प्रकाश शर्मा, डा. नर्बदा थापा, डा. शंकरप्रसाद सुरी, प्रा.डा. भरत पहारी, श्री सुनिता खनाल (प्याकुरेल) आ. रूपेश श्रेष्ठ

**मुद्रक : अन्नपूर्ण अफसेट प्रिन्टर्स, असन, काठमाडौं**
कार्यालय : नयाँ बानेश्वर, फोन ४१०५०४८ पोस्टबक्स ४२६५, फ्याक्स ४१०४४८७,
इमेल : greaternepal2012@gmail .com, www .greaternepal .com .np
*Visit : www .youtube .com Surendra Dhakal Social Activist*

## सम्पादकीय

### बाढी पहिरो पीडितको उद्धारमा ध्यान पुगोस्

यसै हप्ता परेको अविरल वर्षाले मुलुकभर बाढी, पहिरो र डुबानको गम्भीर समस्या उत्पन्न भएको छ । बाढी, पहिरोले आठ जनाका ज्यान गएको छ भने राष्ट्रिय राजमार्ग विभिन्न ठाउँमा क्षतिग्रस्त हुँदा आवागमन ठप्प भएको छ । बाढीले विभिन्न जिल्लामा जलविद्युत् आयोजनाहरूमा क्षति पुगेर प्रभावित भएका छन् । पहिरोले पहाडी भूभाग छियाछिया बनाएको छ भने तराई बाढीले जलमग्न बन्न पुगेको छ । बाढी पहिरोबाट भएको ठूलो धनजनको क्षति र घरबारविहीन बन्नेहरूको राहत, उद्धार र पुनःस्थापनामा राज्य गम्भीरतापूर्वक लाग्न आवश्यक छ ।

विश्वव्यापी रूपमा फैलिएको कोरोनाको महामारीले नेपाल पनि प्रभावित भएर जनताले लामो लकडाउन झेलिरहेको अवस्थामा बाढी, पहिरोले मच्चाएको त्रासदीले पीडा माथि पीडा थपेको छ । कोरोनाको कहर फैलिएको समयमा महामारीलाई कमाउने अवसर छोप्ने कमिसनखोर तत्वहरूले खोक्रो बनाएको अर्थतन्त्र र बेहाल बनेका जनताले तङ्ग्रिने अवसर नपाउँदै अर्को प्रकोपको पीडा थपिएको छ । यसबेला पीडित जनता जति सक्दो चाँडो राहत र उद्धार होस् भन्ने चाहन्छन् । बाढीमा पुरिएका, बेपत्ता भएका आफन्तको तत्काल खोजी होस्, भत्किएका घर, गोठहरू फेरि बनुन्, गाँसबासको व्यवस्था अविलम्ब होस् भन्ने उनीहरूको चाहना छ । सरकार यो विपतको समयमा पनि सम्पूर्ण ध्यान यसैतर्फ केन्द्रित गर्नुको सट्टा अन्तै बरालिएको पाइन्छ । सत्तासीन नेकपाका नेताहरू सत्ताको लुछाचुँडीमा व्यस्त छन् । प्रधानमन्त्री जनताको समस्यामा भन्दा पनि कुर्सी बलियो बनाउने ध्याउन्नमा चक्कर काटिरहेका छन् । सरकारका कतिपय मन्त्रीहरूको ध्यान भ्रष्टाचारतर्फ केन्द्रित भएको पाइन्छ । मुलुकको राष्ट्रिय सेनासमेतलाई व्यापारीकरण गरेर कमिसन खान पल्केका भण्डार बलियो बनाउने दिशामा अहोरात्र काम गरिरहेका छन् । काम कुरो एकातिर कुम्लो बोकी ठिमीतिरको शैलीमा हिँडिरहेको सरकार जनताका समस्यातर्फ अविलम्ब मोडिनुपर्छ । जनताले सरकार सम्झिने आपतविपतमा हो । अरू बेला आआफ्नो काममा हुन्छन् । त्यसैगरी गरिब, निमुखा जनताको भरोसा र आवाज सरकार बन्नुपर्ने हो । तर यहाँ त 'विनाश काले विपरीत बुद्धि' जस्तो भएको छ । सरकारका प्रतिनिधिहरू हात्तीमाथि चढेर गरिब किसानका छाप्रा भत्काउन र आगो लगाउन घुमिरहेका छन् । वर्षायाममा गरिबको घर भत्काउने कम्युनिस्ट सरकारको कार्य शैली साँच्चीकै गजब देखिन्छ ।

हाम्रो तराई भूभाग अहिले डुबानमा परेर दशौं हजार जनता घरबाट विहीनको अवस्थामा पुगेका छन् । तराईको बाढीको समस्या आजको होइन, वर्षौं अगाडि देखिको हो । भारतले नेपालबाट बगेर जाने पानीको प्राकृतिक बहावलाई भारतले विभिन्न ठाउँमा सीमा क्षेत्रमा बनाएका बाँध र बाटोहरूले अवरोध पुऱ्याएपछि पानी नेपालमै जमेर नेपालीका घरखेत डुबानमा परिरहेका छन् । सीमा क्षेत्रका नेपालीले हरेक वर्ष भोगिरहेका पीडालाई सरकारले भारतसँग संवाद गरेर नियन्त्रण गर्न सकेको छैन । भारतको आफ्नै मनोबल बढेर थप वितण्डा मच्चाइरहेको छ । सरकारको ध्यान यसतर्फ तत्काल जान आवश्यक छ । बाढी, पहिरो र डुबानमा परेका जनताको उद्धार, राहत, क्षतिपूर्ति र बसोबासको व्यवस्था मिलाउन राज्यको प्रमुख प्राथमिकताको विषय बनोस् ।

# देश प्रतिगमनतर्फ जाँदै छ, सावधान !!!




**सुरेन्द्र ढकाल**

यस हप्ता नेपाली राजनीतिका दुई फरक फरक व्यक्तित्व बीपी र पुष्पलालको सम्झना गरिएको समाचारले दुवै विद्युतीय र प्रिन्टिङ छापाको हेडलाइनहरु ओगटिएको पाइयो । बीपीको लाइन छोडी गणतन्त्रात्मक लाइनमा लागेको नेपाली कांग्रेसले बीपीका विचारहरु अझै सान्दर्भिक छन् भन्दै अहिले पनि बीपीकै पथमा हिँडेको गुड्डी हाँक्दै छ भने हरिबोल भट्टराई अनि सुशील शेरचनलगायतका व्यक्तिहरुले कांग्रेस छोडेर नेपाली कांग्रेस (बीपी) नामक छुट्टै दल बनाएका छन् । उता सत्तारुढ तथाकथित वामपन्थीहरुले भने संयुक्त आन्दोलन पुष्पलाल पथ भएको र त्यसले सफलता पाएकै कारण नेपालमा वामपन्थीहरु सत्तामा पुग्न सफल भएको विश्लेषण गर्दै छन् ।

भारतमा इन्दिरा गान्धीले संकटकाल लगाएर नलखेटुन्जेल नेपाली कांग्रेसहरु राजा र पंचायती व्यवस्थाविरुद्ध भारतमा बसेर आक्रामक राजनीति नै गरिरहेका थिए । जनकपुरमा राजा महेन्द्र चढेको गाडीमा बम हान्नु, विमान अपहरण गरी त्यतिखेरको भारु ३० लाख दमपच गर्नु जस्ता आपराधिक कार्यहरु गरेर नेपाली कांग्रेसले आफूलाई जिवित राजनीतिक शक्तिको रुप रहिरहेको आभास दिएको थियो । तर भारतमा इन्दिरा गान्धीले संकटकाल लगाई नेपाली कांग्रेसका नेताहरुलाई भारतीय समाजवादी नेता जयप्रकाश नारायणको पक्षधर भन्दै त्यहाँ बसी नेपाल विरोधी राजनीति गर्न नदिएको कारण भारतमा बस्दा मन्दविष खानुसरह भएको, बरु नेपाल फर्कनु भनेको आत्महत्या गर्नुसरह नै भए पनि राष्ट्रिय मेलमिलापको नारा दिऊँ अनि नेपाल फर्कौं भन्दै भारतको निर्वाशन त्यागी बीपी २०३३ सालमा नेपाल आएका थिए ।

अर्कोतर्फ कम्युनिष्ट पार्टीका महासचिव भइसकेका केशरजंग लगाएतका बामपन्थी भनाउँदाहरु पनि पंचायत व्यवस्था नै एक किसिमको राजाद्वारा नेतृत्व गरिएको वामपन्थी राजनीतिक व्यवस्था हो भन्दै त्यसमा समाहित हुन पुगेका थिए । त्यो अवस्था भनेको तत्कालिन कांग्रेस र वाम दुवै क्रमशः राजाको अगाडि लम्पसार पर्दै गएको अवस्था थियो । त्यसैले होला वामपन्थी आन्दोलन भित्रैबाट मोहनविक्रम अनि निर्मल लामाहरुले पुष्पलाललाई गद्दार भन्न शुरु गरेका थिए यद्यपि पुष्पलालले भने आफ्नो जीवनकालसम्म केशरजंगले जस्तो राजाको अगाडि कहिले लम्पसार हुन पुगेनन् र पंचायत ढाल्न संयुक्त आन्दोलनको खाँचो भएको र आफू त्यसैमा प्रतिबद्ध भएको राजनीतिक अडानमै थिए । उनको त्यो संयुक्त आन्दोलनको आह्वानलाई कांग्रेसले गम्भीरताका साथ नलिएकै कारण २०३६ को जनमत संग्रहमा सबै वामदलहरु र कांग्रेसबीच पंचायतलाई पछार्ने कुरामा एकमत र एकता हुन नसक्दा जनमत संग्रहमा बहुदलले हार व्यहोऱ्यो । हारलाई बीपीले खुसीसाथ आत्मसात गरे तर मनमोहनले भने टुँडिखेलबाटै ४ लाख फर्जिमत प्रयोग गरी पंचायतलाई जिताएको आरोप लगाए । खास अर्थमा त्यतिखेर पंचायतले जित्दा बीपीको राष्ट्रिय मेलमिलाप र पुष्पलालको संयुक्त आन्दोलन दुवैको पथको पराजय भएको थियो । प्रजातन्त्र नरहे राजतन्त्र पनि नरहने भन्दै बीपीले राजाको आफ्नो घाँटी जोडिएको बताए तापनि उनको जीवनकालमा उनले बहुदलीय प्रजातन्त्र पुनर्स्थापना भएको देख्न पाएनन् । भनाइको मतलव बीपीको राजासँगको राष्ट्रिय मेलमिलापको नीति असफल भइसकेको थियो र बीपी दीर्घायु भएर बाँचिरहेको भए सायद राष्ट्रिय मेलमिलापको नाममा उनी सुधारिएको पंचायतको प्रधानमन्त्री बन्थे होलान् ।




बीपीको मृत्युसँगै पुष्पलालको संयुक्त आन्दोलनको विचारले नेपाली राजनीतिलाई अगुवाइ गरेकै कारण त्यो विचार सफल हुन पुग्दा २०४६ सालमा पंचायत ढल्यो । तत्पश्चात आफूलाई पुष्पलालका अनुयायी भन्ने वामहरु पनि बारम्बार सत्तामा आए तर राष्ट्रवादको संरक्षण र जनजीविकाको ग्यारेन्टी गर्ने दुवै कुरामा उनीहरु काविल हुन नसक्दा पुष्पलाललाई गद्दार भन्नेहरुको एक जमातले आफूलाई माओवादी घोषित गर्दै जनयुद्ध उठान गर्न पुग्यो । यस क्रममा २०औं हजार नेपालीले आफ्नो ज्यान गुमाए । खरबौंको विकासका संरचना ध्वस्त भए अनि देश गणतन्त्रमा प्रवेश गऱ्यो । यी सबै कुरा हुँदाहुँदै पनि यी माओवादी भन्नेहरुले न राष्ट्रवादको सम्वर्द्धन न जनजीविकाको ग्यारेन्टी केही गर्न नसक्दा पुष्पलाल गद्दार रहेनछन् भन्ने कुरालाई आत्मसात गर्न उनीहरु बाध्य भए । यसप्रकार एमाले माकेबीच एकता हुन पुग्यो । अहिले उनीहरु एकातर्फ पुष्पलालको गुणगान गाउँदै हिँडेको अवस्था छ भने अर्कोतर्फ उनीहरुको व्यवहार दलाल पुँजीवादको भरौटे जस्तो देखिन पुग्नुले पुष्पलालको संयुक्त आन्दोलनको पथ राजनीतिक रुपमा सफल देखिए पनि राष्ट्रवाद र जनजीविकाको सवाल ओझेलमा पर्न गएको छ ।

अहिले मात्रात्मक रुपमा पुष्पलालको सिद्धान्त सफल भएको देख्नेको झुण्ड ठूलै भए तापनि गुणात्मक रुपमा पुष्पलालको सिद्धान्त अहिले पनि प्रतिरक्षाको स्थितिमा छ किनकी राष्ट्रवाद र जनजीविकाका मुद्दाहरु अहिले पनि ज्युँ का त्युँ छन् ।

पछिल्लो संसदको चुनावमा नराम्ररी हार ब्योहर्नु परेको कांग्रेस वामपन्थीसँग मिलेर हामीले गल्ती गऱ्यौं राजासँग मिल्नुपर्ने बीपीकै नीति ठीक रहेछ भन्ने निष्कर्षमा पुगेको छ भने पुष्पलालको नाम जपी सत्तारुढ भएका तथाकथित वामहरु राष्ट्रवादको संरक्षणको नाममा लम्पसारवाद र जनजीविकाको नाममा भ्रष्टाचार गरी अकुत धन जम्मा गरी कमाउनिष्ट बन्न पुग्नुले यिनीहरुले मानेको पुष्पलाल पथ पनि निमुखा जनताको लागि हात्ती आयो फुस्सा सावित हुन पुगेको छ ।

यस परिप्रेक्ष्यमा अब देश बचाउने जिम्मा पुष्पलालका खाँटी समर्थक नेकपा मालेको काँधमा आएको छ । यसले आफूलाई जनताबीच लोकप्रिय बनाउन आवश्यक छ । अन्यथा देश प्रतिगमनतर्फ जाने छ । सावधान !!!

# ग्रेटर नेपाल अभियान



**जगदीश लामिछाने**
रौतहट, पौराई

निकै वर्षदेखि ग्रेटर नेपाल नामक साप्ताहिक पत्रिका नियमित प्रकाशन गरेर सुरेन्द्र ढकालले धन्यवाद बटुलेको देखिएकै छ । त्यस्तै प्रत्येक अंकमा छापिने छुट्टै लेखको रुपमा सरेन्द्र ढकालले सन्दर्भ जेठ १९ अर्थात् श्री ५ वीरेन्द्रको वंश हत्याबारे २०७६ जेठ २४ गते २०५८ को त्यो घटनाको समवेदना समेत प्रकट गर्नुभएको छ । त्यस्तै नेपालको नक्साले अब टिस्टा काँगडा समेट्नेछ भनी २०७६ कात्तिक २९ गते र गणतन्त्र दिने त ज्ञानेन्द्र पो रहेछन् भनी सोही वर्ष फागुन ९ गते समेत लेखकीय कौशलता प्रकट भएकै छ । त्यसमा पनि २०७६ कात्तिक २९ को नेपालको टिस्टा काँगडाकै केन्द्रबिन्दु बनाऔं किनभने व्यक्तिहत्या अथवा गणतन्त्रभन्दा महत्वपूर्ण हामीहरुको स्वदेश नेपाल नै हो ।

यो साप्ताहिक पत्रिकाकै नाम ग्रेटर नेपाल हो र प्रतिहप्ता शुक्रबार प्रकाशित हुँदै आएको छ । सो पत्रिकाको प्रकाशित दोस्रो पृष्ठमा प्रत्येक अंकमा छापिनैपर्ने लोगो (चिन्ह) मा ग्रेटर नेपाल नामका साथै नेपालको राष्ट्रिय झन्डा र टिस्टादेखि सतलज नदीसम्म फैलिएको नेपालको नक्सा नै छापिँदै आउनु स्वाभाविकै हो । हाम्रो माग पनि यही नक्सा हो । नेपाल सरकारकै स्वीकृतिमै यो पत्रिका प्रकाशित भएकै छ । हामी नेपालीलाई अरुको एक इन्च जग्गा पनि चाहिँदैन भनी नेपालका वर्तमान प्रधानमन्त्रीले समेत भन्नुभएकै छ । हुन पनि कुरा यही हो ।

तर पनि समस्या के छ भने १९४७ इ.सं. अर्थात् २००४ वि.सं.मा बेलायतले भारत छोडी जाँदा नेपालीहरुसँग अघि लडाइँ हुँदा उसका हातमा गएको पूर्वको दार्जिलिङ सिक्किम आदि गंगासम्मको भाग र पश्चिम कुमाउ गढवाल सतलजसम्मको पुरानो नेपाली क्षेत्रलाई नेपाललाई नै छोडी जानुपर्ने थियो । त्यो कुरो तत्कालीन राणा सरकारले नमागेर हो कि किन हो भारतमै छोडिएको रहेछ । २००७ वि.सं. ताका कांग्रेसले आफ्नो आश्रयस्थल भारत रिझाउला कि भनी चुप लाग्यो होला । यसैले यो ऐतिहासिक हामी नेपालीकै क्षेत्र हालसम्म भारतले नै उपभोग गरिरहेछ । त्यस कुरामा अझै महत्वपूर्ण कुरो भारतीय अरु प्रान्तका मान्छेहरु त्यहाँ बसोबास गराइएको पनि हुन सक्छ । भारतले त अहिले भर्खरै २०६२ ताका तत्कालीन राजा ज्ञानेन्द्रसँग समेत नेपालको स्वतन्त्रतामा आँखा गाडी नेपाली राजा भुटानी जस्तै हुन् । बंगलादेशको सार्क सम्मेलन स्थलमा भारतीय प्रम मनमोहन सिंहले ढाकामा कर गर्दा मानेनन् भनी इ.सं. २०२० फेब्रुअरीमा बीबीसीले प्रचार गरेकै छ ।

नेपालमा गणतन्त्र त राजा ज्ञानेन्द्रले भारतीय अधीनमा बस्दिन भनेपछि उनी मन बहलाउन अफ्रिका गएको कारण उनी नफर्किंदै भारतले १२ बुँदे सम्झौता गराएकोबाट दिल्लीमै कुरा उब्जिएको रहेछ र त्यो १२ बुँदे सम्झौतामा वर्तमान कम्युनिस्ट नेता पुष्पकमल दाहालले सही समेत गरिसकेको पनि त्यही अहिलेकै बीबीसी प्रतिवेदनमै उल्लेख छ । यस्तो क्रियाकलापमा सलग्न छिमेकीले राजा वीरेन्द्रको वंश हत्या गराएर हुन्छ कि नेपाली राजनीतिक दलहरुलाई बोलाएर १२ बुँदे गराएर हुन्छ कि भनी सदैव छिमेकी देश भारतले प्रयास गरिरहेकै प्रस्ट छ । त्यही कुरो सुरेन्द्रले २०७६ फागुन ९ गते २४ र कात्तिक २९ गते यही ग्रेटर नेपालमा विभिन्न समयमा व्यक्त गर्नुभएको हो ।

# नेपालमा भारतीय विस्तारवाद र त्यसका दिर्घकालिन समस्याहरू-४



सुदर्शन प्रधान

आम सर्वसाधारण जनतालाई त आर्थीक, भौतिक सम्वृद्धी अहम सवाल हुन्छ । नेपालको ईतिहासमा राणाशाही विरुद्धको कान्ती, पञ्चायती सत्ता विरुद्धको आन्दोलन र गणतन्त्रको लागि भएको आन्दोलन भनौं क्रान्तिमा मूलत नेपालको विकट र गाउँका जनताको मूल योगदान छ । शहिद हुने, घाईते अपाङ्ग हुने, जेलनेल खाने र नेता र कार्यकर्ताहरुलाई गाँसबाँस र सुरक्षा दिने ९०% योगदान उनिहरुकै छ । तर क्रान्तिको भनौं परिवर्तनको मूल फल पाउनेहरु चाहिँ शहर बजार र टाठाबाठाहरु छन्, जसको योगदान चाहिँ परिवर्तनको लागि १०% मात्र छ ।

उत्पादनका साधनहरु भनौं जमिन, खानी, कलकारखानाहरु कृषी फर्म, पशुपंक्षी फर्महरु सामुहकिरण र स्वास्थ्य, शिक्षा, यातायात, बैंक जस्ता संस्थाहरु राष्ट्रियकरण गरेर मात्र आम जनताको आर्थिक, भौतिक जीवन परिवर्तनगर्न सकिन्छ । यसको लागी क्रान्तिमा रगत, पसिना र आँसु बगाएका योद्धा र उनिहरुका परिवारहरुलाई सेना, प्रहरी र कर्मचारीतञ्त्र जस्तो राज्य र राष्ट्रको मेरुदण्डरुपी संरचनामा कस्तीमा ५० % भर्ने वातावरण बनाउन पर्छ । तर नेतृत्वहरुले यसलाई आत्मासात गरेनन् । त्यसैले जनयुद्धका एक मूल नेता मोहनवैद्य किरण र नेत्रविक्रम चन्दले “यो धोखा हो” भनेर बाहिर बसे ।

२०६४ चैत्र २८ मा संविधान सभाको निर्वाचन पछि नेपालमा आजसम्म ८ पटक प्रधानमन्त्रीहरु फेरिएको छ । जुन प्रधानमन्त्रीहरुको सुरुको नामलिन पर्दा प्र.मा.झ.वा.सु.ख.शे.प्र.शे.ख. हुन आउँछन् । यसलाई एकै ठाउँमा राख्दा प्रमाझवासुखप्रशेख हुन्छ । जुन शब्दहरुको अर्थ नेपाली शब्दकोषमा पाईन्न । सायद नेपाल र नेपाली जनताको निम्ती भनौ यो राष्ट्रको आर्थिक संवृद्धी र सही मार्ग दर्शनको निम्ती उनिहरुको असफलताको परिणम हो की ! किनकि भारतको पेट्रोलियम विना नेपालको शहरी जनजिवन अझै पनि ठप्प हुन्छ । काठमाडौंका जनताले त शुद्ध पानी पनि पिउन पाउँदैनन् भारती पेट्रोलियम नआएमा । नेपालको पहाड र तराईको अन्न, फलफूल, तरकारी, दुग्धजन्य र मासुजन्य वस्तुहरुका आपूर्ती त परै रहोस् ! राष्ट्रव्यापी र हरेक शहरहरुभरि आफूसँग भएको र उच्चरुपमा विकास र वृद्धि गर्न सकिने विद्युतिय लाईनबाट बस र ट्रकहरु सञ्चालन गर्न पर्छ र हरेक वस्तुहरुमा आत्मानिर्भर बन्न पर्छ भन्ने मार्गमा कहिले हिड्ने ? को हिड्ने ? करोड करोड पर्ने जापानीज गाडीमा, अंगरक्षकहरु लिएर आलिशान भवनहरुमा प्रवेश गर्न पाएपछि र सुविधायुक्त ओछ्यानमा आरामगर्ने भएपछि र उच्च स्तरका खानपिन पछि “दिमागमा खिया र पेटमा बोसो बढेपछि” संसारै जितेको, सबैले मुक्ति र सम्वृद्धि प्राप्त गरेको ठान्दारहेछन् । आज सम्मका नेपाली प्राय सबै सत्तामा जाने नेतृत्वहरु !

*(क्रमशः)*

# मैले देखेको १३५ औं विश्व सम्पदा
# भियनाको सान स्टेफान क्याथेड्रल

सुरेन्द्र ढकाल




बाहिरबाट हेर्दा क्याथेड्रल यस्तो देखिन्छ



क्याथेड्रलभित्रको मुख्य प्रार्थना कक्ष



क्याथेड्रलभित्रका कलाकृतिहरू



क्याथेड्रलको बहुरंगी छाना



क्याथेड्रलको मुख्य प्रवेशद्वार


सन् १९९७ को जनवरीमा जर्मनीको हानोभरमा आयोजना हुने अन्तर्राष्ट्रिय गलैंचा मेलामा रगमार्कको तर्फबाट भाग लिएपश्चात छोरी सुमोना र उनकी आमा मोनिकाको साथ स्वेतचिन्गान दरबार र बगैंचाको अवलोकन गरेपछि म नेपाल फर्किएँ। रगमार्कसँगको मेरो पेशागत संलग्नता जम्मा १८ महिनामात्रै टिक्यो। सन् २०१७ कै डिसेम्बरमा मैले नेपाल रगमार्क फाउण्डेसनको कार्यकारी निर्देशकबाट राजीनामा दिइसकेको थिएँ। तत्पश्चात् मलाई सन् १९९८ को मार्च महिनामा नेपाल गलैंचा निकासीकर्ता संघको कार्यकारी सल्लाहकार तथा प्रमुख कार्यकारी अधिकृत भई काम गर्ने प्रस्ताव आएपछि मैले सो संघमा बसेर कार्य गर्न सुरु गरेँ। सोही क्रममा संघले सन् २००२ को जनवरी १२ देखि १५ तारिखसम्म डोमोटेक्स अन्तर्राष्ट्रिय गलैंचा मेलामा आफ्नै स्टल राखी भाग लिने र मेलाकै अवसरमा मेलाकै परिसर जर्मनीको हानोभरमा नेपाल साँझको आयोजना गर्ने कार्यक्रम गरे बमोजिम सो कार्यक्रम संचालन गर्ने जिम्मेवारी लिएर म तत्कालिन वाणिज्य मन्त्री पूर्णबहादुर खडकाको नेतृत्वमा रहेको नेपाली टोलीको सदस्यको रुपमा अष्ट्रियाको राजधानी भियना हुँदै जर्मनीको हानोभर जान भनी अष्ट्रियन एअरलायन्सको वोइङबाट जनवरी ११ तारिखका दिन काठमाडौंबाट उडेँ। सोही दिन राति भियना पुगी होटलमा हाम्रो बास भयो र भोलिपल्ट बिहान ८:०० बजेको उडानबाट हामी हानोभर पुगी योजना मुताविक ३ दिने गलैंचा मेलाको कार्यक्रम सम्पन्न गरी १५ जनवरीको बिहानै सवा नौ बजे हानोभरबाट उडी पौने एघारमा पुनः भियना फर्क्यौं। सोही दिन बेलुकी ८ बजे भियनाबाट हाम्रो काठमाडौं फिर्ती उडान थियो। त्यसैले दिनभरको फुर्सदको समयको सदुपयोग गर्ने विचार गरी म चाहीं भियनामा रहेका विश्व सम्पदा अवलोकन गर्ने विचार गरी सर्वप्रथम त्यहाँ रहेको सान स्टेफान क्याथेड्रल अवलोकन गर्न भनी त्यहाँ पुगेँ।

## सान स्टेफान क्याथेड्रल

सान स्टेफान क्याथेड्रललाई जर्मन भाषामा स्टेफान्सडोम भनिँदो रहेछ। भियनाको रोमन क्याथोलिक आर्कविशपको निवास र कार्यालयसहितको चर्च रहेछ यो। सन् ११४७ मा बनी वास्तुपूजा गरिएको यो चर्च रुडोल्फ ड्युक अफ अष्ट्रियाको शासनकाल सन १३३९-१३६५ सम्म आइपुगदा भग्नावशेषमा परिणत भइसकेको रहेछ। अष्ट्रियाको गौरवशाली ऐतिहासिक घटनाहरुको साक्षीको रुपमा उभिएको बहुरंगी छाना भएको यो चर्चलाई भियना शहरकै गौरव र पहिचानको रुपमा लिइदो रहेछ।

पहिले पुरानो अवस्थामा यो चर्च भियना शहरको भित्री पर्खालको बाहिर ठडिएको भए तापनि पछि पेरिस चर्चको रुपमा यस चर्चलाई प्राचीन शहरी चिहान रहेको स्थानमा बनाइएको रहेछ। यस चर्च बनाउने क्रममा जग खन्दा चौथौ शताब्दिको प्राचीन वस्तुहरु फेला परेपछि यहाँ २ दशमलव ५ मिटर गहिराइसम्म उत्खनन् गर्दै जाँदा चिहान भेटिएको रहेछ। जसबाट प्राचीनकालमा नै त्यहाँ चर्च रहेको प्रमाणित हुन पुगेको रहेछ। सन् ११३७ मा निर्माण सुरु भए तापनि प्रारम्भिक संरचनाको निर्माण सन् ११६० मा सम्पन्न भएको रहेछ। त्यसपछि पनि यस चर्चलाई विस्तार गर्ने कार्यले निरन्तरता पाइनै रहेको रहेछ। त्यस क्रममा सन १२३० देखि ४५ चर्चको पश्चिमतर्फ रोमनशैलीका संरचना ठडिन पुगेको रहेछ। यही क्रम चर्चको पश्चिमतर्फको पर्खाल र रोमनशैलीको धरहरा (टावर) निर्माण हुन पुगेको रहेछ। सन १२५८ मा भएको भिषण आगलागीबाट चर्चको मौलिक रुप झण्डै ध्वस्त भए तापनि सन १२६३ को अप्रिल २३ सम्म आइपुग्दा यसको पुनर्निर्माण र जिर्णोद्धार सम्पन्न भएको रहेछ। दोस्रो वास्तुपूजाको अवसरमा टावरको घण्ट ३ मिनेटसम्म बजाइएको रहेछ। पछि सन १३०४ जर्मनीका शासक आल्ब्रेटले यस चर्चको पश्चिम भित्र गोथिक शैलीका मेरीप्रति समर्पित उत्तर र दक्षिणतर्फ गरी दुई प्रार्थना कक्षहरु (नेभ) बनाउन लगाएका रहेछन्। पछि उनका छोरा ड्युक अफ अष्ट्रियाले चर्चभित्र संगीत यन्त्र (कोयर) जडान गराउन लगाएका रहेछन्। अनि पछि रुडोल्फ चौथोको पालामा यस चर्चलाई झनै विस्तार गरी पुरानो चर्च भएको स्थललाई समेत यसै चर्चको परिसरमा मिलाइ विशाल क्षेत्र ओगटिएको रहेछ। उत्तर तर्फको टावरको जग बसाल्ने कार्य भने सन् १४५० मा गरिएको रहेछ। सन १७२२ मा त्यतिखेरको पोप इननोसेन्ट १३ औंको पालामा आएर यस चर्चले आर्कविशप स्तरीय दर्जा पाएको रहेछ। दोश्रो विश्वयुद्ध कालमा सोभियत सेनालाइ रोक्न चर्च नजिकैको पसलहरुमा स्थानीय लुटेराहरुले आगो लगाएपछि आगोलाइ हावाले उडाउँदै लगी चर्चको छानासम्म पुऱ्याइ चर्चमा आगलागी हुँदा यहाँभित्र रहेका राजा फ्रेडरिक तेस्रोका चिहानस्थल र मूल्यवान कलाकृतिहरु नासिन गएका रहेछन्। दोस्रो विश्वयुद्ध समाप्त भएलगत्तै यसको जिर्णाद्धार कार्यले निरन्तरता पाएको रहेछ र सन १९५२ देखि पुनः यो चर्च सार्वजनिक पूजा र पर्यटकहरुका लागि खुला गरिएको रहेछ।

# ३३. नेपाली कम्युनिस्ट जमातको स्थापना




■ शम्भुराम श्रेष्ठ

भरतमोहन अधिकारीहरुको भँडुवा प्रवृत्ति र मोहनविक्रमहरुको संकीर्ण एवं गुटवादी प्रवृत्तिले गर्दा 'न्युक्लियस' को पहिलो बैठकमै त्यसबाट विल्कुलै काम हुन नसक्ने देखेपछि म राजीनामा दिएर त्यसबाट अलग्ग भएँ । अनि मोहनविक्रमहरु र निर्मल लामाहरुले 'न्युक्लियस' को उद्देश्य विपरीत गई तथाकथित चौथो महाधिवेशन गरी त्यसकै नाउँ जोडेर आफ्नो छुट्टै समूह गठन गरी २०१९ सालमा नेपाल कम्युनिस्ट पार्टी फुटेर बन्न गएका समूहहरुमा एउटा अर्को समूह थप्ने काम गरे । मनमोहन अधिकारी र अरुहरुले पनि कथित 'चौथो महाधिवेशन' समूहलाई बहिष्कार गरे ।

उपरोक्त घटनाबाट नेपाली कम्युनिस्ट आन्दोलनमा उत्पन्न हुन गएको नयाँ परिस्थितिमा हामीहरुको अगाडि 'अब के गर्ने र के गर्नुपर्छ ?' भन्ने प्रश्न उठ्नु स्वाभाविक थियो र प्रश्न उठ्यो पनि । नयाँ पार्टी गठन गर्दा फुटको खाडल पुरिनुको सट्टा अझ बढ्दै फराकिलो हुन जाने मात्रै होइन, एउटा मुलुकमा एउटै मात्र मजदुर वर्ग हुने र त्यसको निम्ति एउटै मात्र प्रतिनिधि पार्टी भए पुग्नेमा त्योभन्दा बढ्ता भएमा फाइदाजनक हुनुभन्दा हानिकारक नै हुने भएकाले हामीहरुले नयाँ पार्टी गठन गर्नु उचित ठानेनौं । न त हामीहरुले पार्टी फुटी बन्न गएका समूहहरुमध्ये कुन एउटामा ज्वाइन गर्नु नै मनासिब सम्झ्यौं ।

नयाँ पार्टी गठन गर्न नमिल्ने र कुनै एउटामा ज्वाइन गर्नु पनि नमिल्ने र फेरि हामी कम्युनिस्टहरुले असंगठित भएर व्यक्ति व्यक्तिको हैसियतले रहन नहुने, संगठित भएरै रहनुपर्ने भएको हुनाले अन्तमा हामीहरुले पार्टीको नभई जमातको रुपमा संगठित भई नेपाली कम्युनिस्ट आन्दोलनको पुन:एकीकरणको निम्ति सक्रिय रुपले काम गर्दै जाने निर्णय गर्‍यौं । पार्टी नभएर जमात मात्र भएको हुँदा त्यसको नेतृत्वदायी कमिटी नहुने कुरा स्वत: स्पष्ट छ। त्यस अवस्थामा नेपाली कम्युनिस्ट जमातमा बढी से बढी सामूहिकता हुने कुरा पनि स्वत: स्पष्ट नै छ ।

राजनीतिमा ताकत नै निर्णायक तत्व भएको हुन्छ । कम्युनिस्टहरुको ताकत भनेको अरुहरुको जस्तो नभएर तिनीहरु स्वयं बीचको एकता हो । त्यसकारण एकताबद्ध छन् भने कम्युनिस्टहरु जे गर्न पनि सक्ने हुन्छन्, एकताबद्ध छैनन् र फुटेका छन् भने तिनीहरु केही पनि हुँदैनन्, केही गर्न सक्ने पनि हुँदैनन् । अत: कम्युनिस्टहरुको बीचमा एकता हुनु, क्रान्तिको सफलताको निम्ति अनिवार्य रुपले नै आवश्यक भएको हुन्छ । तर तिनीहरु बीचको एकता विचार धारात्मक सैद्धान्तिक तथा राजनीतिक एकताको आधारमा मात्रै निर्मित हुन सक्छ। जसको निम्ति विचार मिलेका र विशेष गरेर विचार नमिलेका कामरेडहरुसँग नेपाली क्रान्तिका विशिष्ट वस्तुगत अवस्थाहरुलाई आधार बनाएर व्यापक छलफल र वादविवाद चलाउनु, आफूसँग विचार नमिलेका कामरेडहरुका विचारलाई बढी महत्व दिएर बुझ्न कोसिस गर्नु र खुद आफ्नो सोचविचारप्रति बढी क्रिटिकल भई हरहमेशा त्यसबारे पुनर्विचार गर्न तयार रहनु अर्थात् तथ्यपूर्ण तर्कद्वारा अरुहरुलाई चित्त बुझाउन कोसिस गर्नु र सोहीअनुसार आफूलाई चित्त बुझाउन तयार रहनु अति जरुरी हुन्छ ।

अब हेरौं नेपाली क्रान्तिका विशिष्ट वस्तुगत अवस्थाहरु के कस्ता हुन् :

पहिलो सदियौं पहिलेदेखि स्वाधीन र सामन्ती रहिआएको नेपाली समाज सन् १७९२ को नेपाल तिब्बतयुद्धको परिणामस्वरुप चिनिया सम्राटको सुजेरेन्टी अन्तर्गत नेपाल र तिब्बत दुवै नै एकै हैसियतका पराधीन मुलुक भइआएको र नेपाल सन् १८१४ मा भारतमा औपनिवेशिक शासन गरिरहेको अंग्रेज साम्राज्यवादले एक्कासी नेपालमाथि आक्रमण गरेबापत हुनगएको नेपाल ब्रिटिश भारत युद्धको परिणामस्वरुप सन् १८१६ मा सुगौली सन्धि भएदेखि नेपाल अंग्रेज साम्राज्यवादको अर्ध उपनिवेश भइआएकोमा सन् १९४७ भारत स्वाधीन भई त्यहाँ पुँजीवादीहरु नेहरु सरकार बनेदेखि फेरि भारतीय विस्तारवादको अर्धउपनिवेशमा रुपान्तरित भएको छ । हुन त अवशेषकै रुपमा भए पनि अंग्रेज सम्राज्यवादले नेपालमा अध्यावधि 'गोर्खा भर्ती' गर्ने अर्धऔपनिवेशिक सहुलियत उपयोग गरिरहेकै छ ।

दोस्रो नेपालको प्रमुख अर्थतन्त्र अहिलेसम्म पनि सामन्ती नै रहिआएको र प्राय: सबै नै वाणिज्य व्यापार र उद्योग र धन्दाहरु नेपाली दौरा सुरुवाल लाउने भारतीय पुँजीपतिहरुकै स्वामित्व र नियन्त्रण रहेको हुँदा नेपाली समाज अर्ध औपनिवेशिक हुनाको साथसाथै अर्धसामन्ती पनि भएको हो ।

स्वास्थ्य

# बेथेको सागका फाइदा




बेथेको साग स्वादका लागि मात्र होइन स्वास्थ्यलाई धेरै फाइदा गर्छ । बेथे दुई किसिमका हुन्छ । एक सामान्य हरियो पात भएको र अर्को रातो पात भएको । यसको प्रयोगले विभिन्न रोबाट मुक्ति मिल्छ । मिर्गौलाको पत्थरी निकाल्नका लागि बेथेको साग उपयोगी मानिन्छ । यसका लागि आधा किलो बेथेको साग उमालेर छान्नुपर्छ र त्यसमा मरिच, जीरा र हल्का रुपमा सिधे नुन मिसाएर दिनमा चारपटक पिउने गर्नुपर्छ तर मृगौलाको पत्थरीका बिरामीका लागि यो अमृत नै मानिन्छ।

बेथेको साग थुप्रै औषधीय गुणले भरिपूर्ण हुन्छ । बेथेमा खनिज तत्वको मात्रा अमलामा भन्दा बढी हुन्छ । बेथेले शरीरमा फलामको कमी हुन दिँदैन । यसले आमाशयलाई बलियो बनाउँछ । बेथेमा फलाम, फस्फोरस, भिटामिन डी र क्षार धेरै मात्रामा पाइन्छ। यो शुक्रबर्द्धक र कब्जियत भगाउन लाभकारी मानिन्छ। कलेजोसम्बन्धी रोग, अजीर्ण, ग्यास, जुका, पत्थरी, पेट घोच्ने समस्याबाट मुक्ति मिल्छ।

भोक नलाग्ने, खाना ढिलो पच्ने, डकार, पेट फुल्नेजस्ता समस्या हटाउन पनि बेथे लाभदायक हुन्छ। पिसाब, मूत्राशय, मृगौलासम्बन्धी रोग निको पार्न र छालासम्बन्धी रोगमा समेत यसको उपयोग प्रभावकारी मानिएको छ। बेथेको तरकारी नियमित सेवन गरेमा वाथ (युरिक एसिड) रक्त र त्वचा विकार टाढा हुन्छ।

बेथेको सबैभन्दा ठूलो गुण भनेको शरीरमा भएक सबै प्रकारका विषहरुको निवारण गर्नु हो। यसकारण यसलाई विषनिदान नाम दिइएको छ। बेथेमा कार्बोहाइड्रेट, प्रोटिन, क्याल्सियम र भिटामिन ए, मिनिरल्स र आइरन प्रचुर मात्रामा पाइन्छ। यसमा सोना धातु पनि पाइन्छ जो कुनै अन्य सागसब्जीमा पाइँदैन। औषधिका रुपमा बेथेका पंचागं अर्थात पाँच अंग (जरा, डाँठ, पात, फल र फूल) लाई प्रयोग गरिन्छ।

**बेथेका फाइदा यस्ता छन्**

- बेथेले कब्जियत हुन दिँदैन। यसले पेट सफा गर्छ।
- दुई चम्चा बेथेको दाना एक गिलास पानीमा उमाल्नुहोस्। पानी आधा सुकेपछि छानेर पिउँनाले रोकिएको महिनावारी खुल्छ।
- आयुर्वेदमा गरिएको एक अनुसन्धानले बेथेको साग नियमित खानाले स्तन क्यान्सरको सम्भावना कम हुने देखाएको छ। यसमा उपलब्ध सेलिनियम, ओमेगा ३ र ६ फैटी एसिड स्तन क्यान्सररोधक हुन्छन्।
- बेथेको १० ग्राम दानालाई करिव दुई मिलीलीटर पानीमा उमाल्नुहोस् । ५० मिलीलीटर रहुन्जेल उमालेपछि तातातातै पिउँनुहोस् । यस्तो एक महिनासम्म विहान-बेलुका पिउनुहोस्, जोर्नी दुखाईबाट तपाईलाई राहत मिल्छ।
- बेथेलाई उमालेर निचोरेर रस पिउनाले र सागलाई सब्जी बनाएर खानुहोस्। २ कप बेथेको पात पिसेर बनाएको रसमा आधा कप तेल मिसाएर हल्का तताउनुहोस्। जब पानी सुकेर तेलमात्र रहन्छ, त्यसलाई छानेर एक सफा सिसाको बट्टामा राख्नुहोस् । त्यसलाई छालामा दैनिक लगाउने गर्नुहोस् । लामो समय लगाइराख्ने गर्नु भएमा छालाका दाग, दाथ, चिलाउने, कुष्ठरोग आदि रोग टाढा भाग्छ।
- ऐमरैन्थ अर्थात बेथेको तेल र पेप्टाइडमा एन्टी इफ्लेमेन्टरी गुण हुन्छ जसले दु:खाई र सुजन कम गर्नमा मद्दत गर्छ। यो पुरानो स्थितिका लागि एकदमै महत्वपूर्ण हुन्छ जहाँ सुजनले स्वास्थ्यलाई प्रभावित गरिरहेको हुन्छ।
- डण्डिफोरमा बेथेका पातहरुको पेस्ट बनाएर लगाउँदा चाँडै पाकेर फुट्छ। सुजन भएमा त्यो ठाउँमा यसको लेप लगाउँदा सुजन टाढा हुन्छ।
- प्रोटिन रक्तमा इन्सुलिनको स्तर कम गरेर हार्मोन बढाएर भोकलाई दबाउँछ जसकारण भोकको महसुस कम हुन्छ। लगभग १५ प्रतिशत बेथेमा प्रोटीन हुन्छ जसले तौल घटाउन मद्दत गर्छ।
- पिसाबमा रगत आउने समस्यामा पनि यो उपयोगी मानिन्छ। बेथेको पात पिसेर मिश्री मिलाएर सर्वत बनाएर ३ दिनसम्म लगातार पिएमा ठिक हुन्छ।
- अध्ययनका अनुसार ऐमरेन्थमा रहेको फाइबर र फिटोन्यूट्रीएन्ट्स नामक तत्वले रक्तचापलाई कम गर्नमा मद्दत गर्छ। जसकारण यो कोलेस्ट्रल, सुजन र रक्तचापसँग प्रभावकारी ढंगबाट लड्छ र मुटु स्वस्थ राख्छ।
- औषधिका रुपमा बेथेको जरा, पात र विउ सबै प्रयोग गरिन्छ। यसका पाताहरु र विउमा प्रोटीन, भिटामिन ए र सी प्रचुर मात्रामा हुन्छ। ऐमरैन्थ अर्थात बेथेको साग एनिमिया रोगसँग लड्ने सबैभन्दा उत्तम उपाय हो। यसको सेवनबाट शरीरमा रगतको कमीलाई हटाउँछ। शरीरमा रगतको कमी दुर गर्नका लागि यसको सेवन सब्जी वा सुप (झोल) का रुपमा गर्नुपर्छ।
- पिसाबमा हुने जलन रोक्नका लागि बेथेको रसको केही दिनसम्म सेवन गर्दा मुत्रवृद्धि हुन्छ र जलन ठिक हुन्छ।
- बेथेको सागमा हुने भिटामिन, खनिज र शक्तिशाली एन्टी अक्सिडेन्टले हाम्रो शरीरको प्रतिरक्षा प्रणाली बलियो बनाउँछ।
- यदि तपाईको कपाल समय नपुगेरै युवाअवस्थामै फुल्ने समस्या छ भने बेथे सागले समाधान गर्नसक्छ। यो कपाल सेतो हुनबाट रोक्न एकदमै प्रभावी उपाय हो।बेथेलाई आफ्नो आहार (खाना) मा समावेश गरे तपाई यो समस्याबाट छुटकारा पाउन सक्नुहुन्छ।

# बन्दाबन्दीको कहरमा बालबालिका र अभिभावकको उत्तरदायित्व

✍ दामोदर अर्याल

विश्वभर माहामारीको रुपमा लिएको कोरोना भाइरसबाट बच्नको लागि गरिएको बन्दाबन्दीको कारण घरमै लामो समय बिताउँदा बालबालिकाको मनस्थितिमा हुनसक्ने कोरोना भाइरसको त्रास परेको हुनसक्छ। उस्तो त्रासदीबाट बालबालिकाहरुलाई जोगाउनु अत्यन्त जरुरी हुन्छ । कोरोना भाइरसको सम्भावित जोखिमका कारण जारी लकडाउनका बेला घरमा बसेर बालबालिकालाई कसरी सकारात्मक र रचनात्मकरुपमा व्यस्त बनाउने भन्ने आम अभिभावकहरुमा चासोको विषय बनेको छ ।

कोरोना भाइरसका बिश्वव्यापी सङ्क्रमणबारे जे यथार्थ,सत्यरतथ्य छ त्यो बालबालिकाहरुलाई भनि दिने र आधिकारिक नभएका सञ्चार माध्यममा आउने अनावश्यक समाचार र अफवाहबाट बालबालिकाहरुलाई जोगाउनु पर्छ। स्वभावैले बालबालिकाहरु चन्चले, छुकछुके र उत्सुकताका साथ नयाँ कुरा जान्ने जिज्ञासु हुन्छन् । यस्तो अवस्थामा अभिभावकहरुले उनीहरुलाई गम्भीरताका साथ कुरा बुझाएर आफ्नो नियन्त्रणमा राख्न सक्छन् । अभिभावकहरु बालबालिकाको उक्त जिज्ञासालाई तनाव सम्झने र चर्को स्वरमा उनीहरुलाई हप्काउने पनि गरेको पाईन्छ । बाल मस्तिष्क नयाँ कुरा जान्ने र बुझ्ने कृयामा लागेको हुन्छ । घरमै लामो समय बिताउँदा बालबालिकाका पर्ने परिवेशमा के के कुराहरु गर्न हुन्छ र के के कुरा गर्न हुदैन भन्ने उसलाई ज्ञान हुदैन । बिषम परिस्थितिको बारेमा बोध गराउने र सम्झाउने दायित्व अभिभावकको नै हो । यो बिषम परिस्थीतिको बारेमा सम्झाउदै नसम्झाई बालबालिका प्रति झर्कनु, चिच्याउनु कत्तिको कुशल अभिभावकको दायित्व हो ।

अभिभावकले आफ्ना कुरा लादेर बालबालिकाको मष्तिस्कलाई नियन्त्रणमा राख्न उपयुक्त हुदैन । लामो समय एकान्तमा बस्दा वा महामारीका समयमा मानिसमा तनाव हुने, बाहिर जान नपाउने हुँदा डर लाग्ने, आत्तिने, छटपटी हुने हुनु स्वभाविक भएकाले आफूलाई व्यस्त बनाएर दिमागलाई ठीक ठाउँमा राख्ने वातावरण सिर्जना गर्दै सिंगो परिवार प्रति नै नकारात्मक धारणा बढ्दै जान नदिन साबधानी अपनाउनु पनि अभिभावकको दायित्व हो ।

बिश्वभरमा फैलँदै गएको यो महामारीबाट आफू पनि बाँच्न र अरुलाई पनि बचाउँन सुरक्षित तबरले आफ्नो मानसिक हिसाबले आफ्नो मन बलियो बनाउनु पर्ने मनन गर्दै बालबालिकाहरुलाई बिशेष ध्यान दिनु पर्दछ। समय परिस्थिति अनुसार घरभित्रै रहेर गर्न सकिने सामान्य शारीरिक व्यायम, योग, ध्यान, सरसफाई, अनुभव आदान प्रदान, अध्ययन, गित-संगित, भजन, प्रवचन आदिबाट आफू र आफ्नो परिवारलाई सबैले सुरक्षित हुने, श्रृजनशील कार्यमा लगाउने गर्नु पर्दछ। हामीले बालबालिकालाई कुनै रचनात्मक काम गरेर समय बिताउने,समूह मै सहभागी गराएर खेलाउने गर्न पनि गर्न सकिन्छ। सुत्ने, खाने, खेल्ने, मनोरञ्जन गर्ने, योग गर्ने समय नियमित तर्जुमा गरी व्यस्त बनाउने, विद्युतीय सामग्री र सामाजिक सञ्जालमा धेरै नझुल्न बरु पिनायो,मादल लगाउतका बाध्यबादनको सामग्री बजाउन सिकाउने,लगाउने,लुडो, चेस पनि खेलेर समय बिताउन सकिन्छ ।

सामाजिक सञ्जालमा महामारीका समयमा बालबालिकाको दिमागमा असर हुने खालका सामाग्री तथा समाचार आइरहने हुँदा त्यस्तोबाट टाढा रहन आग्रह गर्दै बालबालिकालाई नियमित सिर्जनशील बनाउन अभिभावकले ध्यान दिनु जरुरी हुन्छ । यो समयमा पारिवारिक मिलन, सन्तुलन र एक आपसमा माया ममता बाँडीचुँडी गर्दै सम्यमताका साथ रमाईलोसंग बस्यौं भने कोरोनाको संक्रमणबाट बाँच्न र बचाउन मात्रै होईन अहिलेसम्म सबै परिवार मिलेर नगरेका अन्य धेरै किसिमका कामहरु गरी फरक पारिवारिक जीवनशैली र संस्कारबाट अघि बढ्ने अवसरको रुपमा पनि लिने गर्नु पर्दछ । आफुले पठनपाठन गर्ने विद्यालय बन्द भएको कारणले घरमा बस्न बाध्य बालबालिकाहरुलाई सिर्जनशील बनाउने वा झर्केर उनीहरुलाई मनोसामाजिक समस्यामा पार्ने अभिभावक बन्ने रोजाई स्वयम् अभिभावकको हो भन्ने कुरा हेक्का राख्नुपर्दछ। असहज परिस्थितिमा कसरी सकारात्मक अभिभाक बन्न सकिन्छ भन्ने थाहा नभएको अवस्थामा अधिकांस अभिभावकहरु नचाँहदा नचाँहदै,नजान्दा नजान्दै आफ्ना बालबालिकालाई पीडा पुराईरहेका हुन सक्छौं यस्तो बिषम परिस्थितिमा हरेक अभिभावकले आफ्ना बालबालिकाहरु कहाँ के गर्दै छन् भन्ने बारेमा चनाखो हुनु पनि पारिवारिक बोध तथा अभिभावकत्व हो ।कोरोनाले मानव जीवनमा पारेको नकारात्मक असरको समाचार सुनि बालबालिकाकै सामुन्ने आत्तिने, नराम्रा शब्दहरु प्रयोग गर्ने,ओहो अब त खत्तम हुने भो जस्ता नकारात्मक र निराशाजनक शब्दहरु बालबालिकाको सामु प्रयोग गर्नाले मनोसामाजिक समस्या हुनबाट पनि सक्छ त्यसैले अभिभावकहरुले बालबालिकालाई सकारात्मक कुराहरुको बारेमा बताउने गर्नुपर्दछ । साबुनपानीले राम्रोसँग हातधुने, सेनिटाईजर,डेटोलको प्रयोग, सफा कपडा लगाउने, नङकाट्ने, नियमित ब्रस गर्ने, नुहाउने, आदि कुराहरुको साथै व्यक्तिगत र पारिवारिक सरसफाईले मानव जीवनमा नकारात्मक असर पार्ने कोरोना लगायतको भाईरस,किटाणु र



जीवाणुबाट जोगिन सकिन्छ भन्ने बोध गराउनु पनि अभिभावकको दायित्व हो।

शरिरीक अवस्था र उमेरका आधारमा प्रसस्त पानी,पोषणयुक्त,हरियो तरकारी,साग, दुध र घरायसी खाजाको महत्व र पोषणयुक्त व्यवस्थित खानपानले मानव जीवनमा पार्ने सकारात्मक र नकारात्मक प्रभावका बारेमा बालबालिकालाई बोध गराई रोग प्रतिरोधात्मक क्षमता बढाउने र स्वास्थ्य भएर बाँच्न पोषिलो र सन्तुलित खानाको महत्वपूर्ण योगदान हुने बारे बालबालिकालाई पनि अभिभावकको दायित्व हो । बाल अधिकारका पक्षहरु शारीरिक विकास, मानसिक विकास, बौद्धिक विकास र संवेगात्मक विकास हुने खालका खेलहरु मित्रवत व्यवहार गरी रमाईलो गर्ने पाउने अधिकार हरुलाई पनि ध्यान दिनु पर्ने हुन्छ । आफ्ना बालबालिकाका धेरै कुराहरु रुची, जिज्ञासा, मनोभावना बुझ्ने र नजिक हुनु संगै खेल खेल्दा उनीहरुका मन भित्रका कुरा बुझ्न सकिने र उनीहरुलाई हौसला पनि दिन सकिन्छ भन्ने कुरा अभिभावकले सदैब ख्याल गर्नु पर्दछ । कुशल अभिभावकले आफ्ना बालबालिकाहरुसंगै बसि कुन बेला पढ्ने, कुन बेला आफ्ना साथीहरुसँग नेटमा वा फोनमा कुरा गर्ने, कुन बेला खाने, कुन बेला खेल्ने, कुन बेला कथा भन्ने र सुन्ने, कुन बेला रचनात्मक कृयाकलापहरु जस्तै नाँच्ने, गाउने, चित्रकला, कविता, लेख, रचना, कथा बनाउने लगायतका कुराहरु समावेश गरी उनीहरुकै सहभागितामा दैनिकी बनाउन प्रयास गर्न गर्नुपर्दछ । अभिभावक नै बालबालिकाको पहिलो साथी हुन् भन्ने बालबालिकालाई बोध गराउनु पर्ने समेत हुन्छ । बाल मनोविज्ञानमा पनि बालबालिकाको मनको कुरा बुझ्न अभिभावकले पनि बालबालिकाले झैं व्यबहार गर्नुपर्दछ । बालबालिकालाई मन पर्ने सिप सिकाउने र बालबालिकालाई उचित रुपमा सामाजिकिकरण गर्नु अभिभावकको अर्को महत्जपर्णु उत्तरदायित्व हुन्छ । बालबालिकालाई सिर्जनात्मक र स्वाबलम्बी बनाउन,उनीहरुलाई नैतिकवान र व्यवहारिक बनाउनका लागि आफू सँगसंगै घरका सामान्य भान्साको काम चिया पकाउने, दुध उमाल्ने, तरकारी काट्ने, खाना बनाउने, करेसाबारीको काममा लगाएर पनि बालबालिकाहरुलाई जोखिम हुनबाट जोगाउन सकिन्छ । शारीरिक र मानसिक रुपमा स्वास्थ्य हुन व्यायाम आवश्यक हुन्छ भन्ने बारेमा अभिभावकले उनीहरुलाई बोध गराउदै दैनिकी बनाउँदा यसलाई समेत अभिभावकले विशेष ध्यान दिन जरुरी हुन्छ । बालबालिकासँग बढी घुलमिल भई उनीहरुको विचार, ईच्छा र आवश्यकताको आधारमा सघाउन सकिन्छ । टिभी हेर्ने र मोबाईलमा गेम खेलेर एक्लोपन महसुस गरिरहेका बालबालिकाको लागि शारीरिक व्यायाम र योग गर्ने गर्नाले उनीहरुमा स्फुर्ति पैदा भई संयम, सालिन र आटिलो व्यक्तित्व बन्न उत्प्रेरणा दिने साथै बालबालिकासँग नजिकमा रहेर अहिले बालबालिकाहरु रुचाउने र अधिकाशं समय बिताउने संचार माध्यमहरु अनलाईन र ईन्टरनेटबाट हुने संम्भावित जोखिमको बारेमा समेत जानकारी गराई जोगाउन सकिन्छ ।

दिनभर बालबालिकाहरुलाई एक्लै नछाडने,सकेसम्म पाको मान्छेसँगै राख्ने,बरु, खेत बारी वा बाहिर जाँदा आफ्नो बालबालिकाहरूलाई सँगै लिएर जाने,बालबालिकालाई समय दिने,सँगै खेल्ने बालबालिकालाई घरमा मातृ भाषामा बोल्न सिकाउने गरेर पर्ना बालबालिकाहरुलाई जोखिमबाट जोगाउन सकिन्छ । बालबालिकाले गरेका कामहरुमा हौसला दिने, प्रशंसा गर्ने, आहा कति राम्रो भन्ने जस्ता उत्प्रेरणा जगाउदै जानु पर्ना सकारात्मक अभिभावकको भूमिका हो । बालबालिकामा पर्न सक्ने समस्या र जटिलताको अन्त्यको लागि हरेक अभिभावकले आफ्ना बालबालिकासँग भावनात्मक रुपमा नजिक हुनै पर्दछ । उनीहरुले वास्तविक समस्या थाहा नपाएको अवस्थामा हामी अभिभावक उनीहरुबाट भावनात्मक रुपमा टाढा हुन पुग्छौं । उनीहरुलाई माया गरेर सम्झाउन र बुझाउन सकिन्छ भन्ने भावना लिनुपर्दछ र यसो गर्न सक्नु पारिवारिक सकारात्मक उत्तरदायित्व र अभिभावकत्व हो ।

*(लेखक २ दशकदेखि बालबालिकाको क्षेत्रमा कार्यरत हुनुहुन्छ ।)*

प्रवलीकरण गरी घर सुरक्षित बनाऔं । पुननिर्माण गर्दा प्राविधिकहरूको सल्लाह अनुसार घरको प्रवलीकरण गरी घरलाई कम लागतमा सुरक्षित बनाउन सकिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# चीनमा कसरी पुऱ्याइए पाकिस्तानी महिला ?



विष्णु भट्टराई

पाकिस्तानी युवतीलाई चीनमा लगेर देहव्यापारमा सामेल गराएको चर्चा केही समयअघि देखिकै हो । संयुक्त राष्ट्रसंघ र गैरसरकारी संगठन ह्युमन राइट्स वाचले एक रिपोर्ट नै प्रकाशित गरेर पाकिस्तानी युवतीहरुलाई चीन लैजाने घटनाक्रमप्रति चिन्ता जनाएको अवस्था छ । यो रिपोर्टअनुसार पाकिस्तानमा बाहिर आएको यो घटना एसियाको अरु पाँच देशसँग मिल्दोजुल्दो पनि छ । पाकिस्तानी मानव अधिकारकर्मीले पछिल्लो एक वर्षमा चिनियाँ युवकहरुले पाकिस्तानी युवतीहरुलाई विवाह गरेर चीन लैजाने गरेको र यसको उद्देश्य वैवाहिक सम्बन्ध कायम गर्नुभन्दा पनि अन्तर्राष्ट्रिय स्तरमा देह व्यापारको एक अहं मार्ग भएको टिप्पणी गरेका छन् ।

विवाहको नाममा तस्करी गरेर लगिएका ती युवतीहरुले हिंसाको समेत सामना गर्नु परेको र केहीलाई देह व्यापारमा धकेलिएको बताइन्छ । जसमध्ये केहीलाई गैरकानुनी अंगदान गराइएको गम्भीर आरोप समेत लागेको छ । पाकिस्तानी संघीय जाँच एजेन्सी एफआइएका अनुसार यस्ता सयौं मामिलाहरु आइसकेका छन् । यस्तै बेइजिङस्थित पाकिस्तानी दुतावासका अधिकारीहरुले हरेक दिन दुईदेखि तीनवटा मामिलाहरु आइरहेको उल्लेख गरेका छन् । कतिपय पीडितका आफन्त उजुरी लिएर पाकिस्तानी युवतीलाई उद्धार गरी पाकिस्तान पठाइसकिएको छ । चिनियाँ युवकसँग विवाह गरी चीन गएर फर्किन सफल भएका केही युवतीले आफूले भोगेको वास्तविकता बाहिर ल्याएका छन् ।

**१. समिना मसिह (परिवर्तित नाम)**

मेरो उमेर २० वर्ष भयो र म गुजरावालामा बस्छु । मेरो छिमेकीका माध्यमबाट चिनियाँ युवकसँग सम्बन्ध भयो । उनले मेरो परिवारलाई चिनियाँ युवकको फोटो देखाएर र केटा मन परेमा जीवन बदलिने आश्वासन दिए । मेरो जीवन वास्तवमै परिवर्तन भयो । मेरो विवाह २४ सेप्टेम्बरमा ली ताओसँग भयो । मलाई एक महिनाका लागि इस्लामावादमा राखियो । जहाँ मसहित अन्य तीन जना युवतीहरु थिए । मेरो वि च्याट एकाउन्ट पनि बनाइयो । तर मेरो पतिले नै यसको प्रयोग गर्ने गर्थे । कागजपत्र बनाएपछि हामी चीन गयौं । हवाईजहाज, रेल र कारको तीन दिनको यात्रापछि हामी संघाइ नजिकको जिपासु पुग्यौं । ली ताओको घरमा एउटा कोठा र किचन थियो । पूरै घरमा एउटा मात्र बाथरुम थियो । ली ताओले मलाई एउटी महिलासँग भेट गराए र उनी आफ्नी आमा भएको परिचय दिए । उनी हामीसँगै बस्थिन् तर धेरै बोल्दैनथिन् । उनी एकदमै थोरै टुटेफुटेको अंग्रेजी बोल्थिन र मलाई पनि अंग्रेजी भाषा राम्ररी नआउने भएकाले धेरै कुराकानी हुँदैनथ्यो ।











विवाहको केही दिनपछि नै मेरा श्रीमान विवाहदेखि साँझसम्म नसामा हुने गर्थे र जबरजस्ती मसँग यौनसम्पर्क राख्न खोज्थे । म उसले किनेको वस्तु जस्तो व्यवहार गर्थे ताकि मन लागेका बेला प्रयोग गर्न सकियोस् । यौनसम्पर्क राख्न अस्वीकार गर्दा मलाई नै पिट्थे । मेरा बुबाआमालाई केटा चीन पाकिस्तान इकोनोमिक कोरिडोर (सिपेक) मा जागिर खान्छ भनिएको थियो । त्यहाँ गएपछि उनी कम्प्युटर इन्जिनियर भएको जानकारी भयो । उनी कम्प्युटर इन्जिनियर पनि हुन् या होइनन् स्पष्ट भने हुन सकेन ।

म केही दिनपछि चीनमा बस्ने युवतीहरुसँग कुराकानी गर्न थाले । म नानजिङमा बस्ने एक युवतीलाई पहिलेदेखि नै चिन्थे । उनलाई मलाई जे भए पनि ऊसँग बाहिर नजान सल्लाह दिइन् । उनका पतिले उनलाई एउटा डान्सबारमा लगेर आफ्ना साथीसँग छोडिदिएका थिए । उनी धेरै नै कराइन् तर उनलाई बचाउन कोही आएन । मलाई यो कुरा सुनेर डर लाग्यो । तर अहिलेसम्म मेरा पतिले कुनै आफ्ना साथीसँग भेट गराएका थिएनन् । त्यसैले म आफैं मुस्कराइरहेकी थिएँ । मलाई एक दिन ली ताओले केही मानिसलाई भेटाउन बाहिर लिएर गए । त्यो फ्याक्ट्री जस्तो स्थान थियो । जहाँ सबै केटाहरु मात्रै थिए र मलाई घुरेर हेरिरहेका थिए ।

मैले ऊसँग आफूहरु त्यहाँ जानुको कारणबारे सोधेँ । उनले कुनै जवाफ दिएनन् । मैले ऊसँग गाडीको चाबी खोसेँ र आफू गाडीभित्र बसेर बन्द गरेँ । तमासा भयो र समय पनि खेर गयो । तर उनले मलाई त्यहाँबाट फेरि घर नै लिएर आए । घर आएपछि उनले मलाई धेरै पिटे र मेरो फोन पनि खोसे । विच्याट एकाउन्ट बन्द गरिदिए भने पासपोर्ट, परिचयपत्र, विवाहको प्रमाणपत्र सबै उनैसँग थियो । त्यो रात मैले आफ्नो नसा काट्ने कोसिस पनि गरेँ । तर सफल भइन् । मेरो शरीरमा त्यति रगत पनि थिएन । किनकि मैले तीन दिनदेखि खाना खाएको थिइनँ ।

यो घटना भएको अर्को दिन मेरा पनि मेरा लागि मकै र मसरुम सुप लिएर आए । तर मैले त्यो खाइसकेपछि रातको समयमा मात्रै ब्युँझिएँ । मेरो टाउको बेस्सरी दुखिरहेको थियो । सायद मलाई निद्राको औषधि दिइएको थियो । किनकि म धेरै चिच्याएर पुकार गर्थे । एक दिन मैले हिम्मत गरेर स्थानीय प्रहरीलाई फोन गरेँ । प्रहरीले अब मेरो घर नै चीन भएको र जस्तो समस्या आए पनि समाधान गर्न सहयोग गर्ने बतायो । मैले मेरो पतिले कब्जा गरेको मेरो फोन र सबै कागजपत्र दिलाइदिन अनुरोध गरेँ । मैले मलाई सहयोग नगरेमा फेरि उजुरी गर्ने या आफ्नो ज्यान दिने बताएँ । प्रहरीले मेरो पतिलाई सबै कागजपत्र फिर्ता गर्न आग्रह गऱ्यो ।

मैले कागजपत्र पाएपछि यसबारे सबै जानकारी परिवारलाई गराएँ र परिवारले पाकिस्तानी दुतावासमा सम्पर्क गऱ्यो । मेरा बुबाले पाकिस्तानी विदेशमन्त्री महमुद कुसेरीलाई चिठी समेत लेख्नुभयो । यो पूरै मामलामा पाँच महिना लाग्यो र मलाई पाकिस्तान फिर्ता गरियो । म एक महिना अघि आफ्नो घर आएकी हुँ । मलाई जे हुनु थियो त्यो भयो । मैले अब यो यसकारण बताएकी हुँ कि अब युवतीहरु बाहिर आइरहेका छन् र उजुरी गरिरहेका छन् । जसबाट अब युवतीहरु चीन जाने छैनन् ।

**मोन गुल (परिवर्तित नाम)**

म लोहोरमा बस्छु । म मुस्लिम हुँ र मेरो घरमा धर्मलाई धेरै महत्व दिइन्छ । यसकारण हाम्रो इलाकामा भएका मदरसाका प्रबन्धकले मेरा परिवारसँग सम्बन्धका लागि सम्पर्क गरे । मेरो परिवारले सजिलै मान्यो । किनकि मदरसाको व्यवस्थापनले केही युवतीलाई चिनियाँ नागरिकसँग विवाह गराएको र उनीहरु धेरै खुसी रहेको बताएको थियो । मलाई एक महिनासम्म पाकिस्तानमै राखियो । जहाँ अरु पनि युवतीहरु थिए । सबै युवतीहरु मजस्तै गरिब परिवारका थिए । केही मुसलमान र धेरैजसो इसाई थिए । सबै राम्रो जीवन हुने आशामा खुसी थिए । पाकिस्तानमा हामीलाई धेरै ठूलो सपना देखाइएको थियो । जब एक महिनापछि चीन पुगियो तब अवस्थामा परिवर्तन भयो । मलाई बेइजिङ नजिकै सानचा नामको एक गाउँमा लगियो । त्यहाँ एउटा गुफा थियो । जसमा एउटा कोण थियो । यसमा कुनै चर्पी वा स्नानगृह थिएन । मैले हल्ला गरेपछि मेरा पतिले मलाई पिटे र आफूले किनेर ल्याएको बताए । उनले मैले कुनै माग गर्न नसक्ने र त्यस्तो हक नभएको समेत भनेँ । यहाँ मलाई मेरा पतिको कुनै धर्म नै नभएको थाहा भयो । मैले नमाज पढ्दा मेरो मजाक उडाउँथे । मैले एकदिन हिम्मत जुटाएर मुसलमान भएको प्रमाणपत्र कसरी प्राप्त भयो भनेर सोधेँ । उनले पैसा दिएर किनेको जवाफ दिए ।

त्यहाँ पुगेको तीन दिनपछि मदिरामा मातेर लठ्ठ भएका मानिसहरु आए र मेरा पतिले मलाई उनीहरुसँग जान आदेश दिए । मैले अस्वीकार गर्दा उनीहरुकै सामु पतिले मलाई पिटे । म बेहोस भएँ र कति समयपछि होस आयो भन्ने याद भएन । त्यसपछि त यस्तो कुरा सामान्य बन्यो । त्यहाँ मानिसहरु आउँथे र उनीहरुसँग जान मलाई भनिन्थ्यो । अस्वीकार गर्दा पिटाइ खाइन्थ्यो । कुटपिटपछि मलाई मेकअप गराएर धेरै खुसी भएको, ठूलो घरमा बसेको र सबै पाकिस्तानी धेरै खुसी रहेको सन्देश रेकर्ड गराउन बाध्य पारिन्थ्यो । उनीहरु मलाई प्रयोग गरेर अरु युवतीलाई पनि सिकार बनाउन चाहन्थे ।

एक रात मैले यसरी त बाँच्न सकिन्न भनेर सोचेँ । मैले आफ्नो पतिलाई उसका सबै कुरा मान्ने तर यस्तो अवस्थालाई बुझ्न थोरै समय लाग्ने बताएँ । उनले परीक्षा लिनका लागि विभिन्न कुरा खान दिए । उसले दिएको खाएँ र विश्वास दिलाएँ । अर्को दिन मेरा पतिले ग्राहक आएको बताए । तब मैले उसलाई अरु केही दिन समय दिन आग्रह गरेँ । उनले मैले भनेको मानेर मोबाइल फोन प्रयोग गर्न पनि अनुमति दिए । यसको फाइदा उठाउँदै मैले बहिनीलाई फोन गरेँ सबै कुरा बताएँ । बहिनीले पाकिस्तान र बेइजिङ दुतावासमा सम्पर्क गरिन् । प्रहरी र सामाजिक सुरक्षा एजेन्सीले एक दिन अचानक छापा माऱ्यो । उनीहरुले तत्काल मलाई उद्धार गरे ।

**हुमैरा खान (नाम परिवर्तित)**

म गुजरावालामा बस्छु र धर्मले इसाइ हुँ । जागिरका लागि मेरो बुबा इस्लामावादमा रहँदा म यहाँ आएँ । हाम्रो जीवनमा चर्चको ठूलो महत्व छ । मेरो परिवार हरेक आइतबार चर्चमा जान्थ्यो । यसैकारण स्थानीय चर्चमा जोडिएको व्यक्तिले मेरो बुबालाई चीनसँगको सम्बन्धका बारेमा बताए । केटा इसाइ भएको र सिपेकमा काम गर्ने जानकारी दिइयो । मैले सहमति जनाएँ । विवाह भएको १५ दिन पाकिस्तानमा बस्यौं । चीन गएपछि मलाई टेकससा गाउँ लगियो । घर भने पनि त्यो क्लब जस्तो लाग्थ्यो । मैले यसबारे कुरा गर्दा पतिले थप्पड हाने । उनले मेरो घर र विवाह गराउने सबैलाई पैसा दिएर ल्याएको बताए । पति रक्सी खान्थे र अनिच्छाका बाबजुद यौन सम्पर्क गर्थे । मैले फोन गर्ने मौका पाएँ र बुबालाई सबै कुरा बताएँ । बुबाले बेइजिङस्थित पाकिस्तानी दुतावासमा सम्पर्क गर्नुभयो र मेरो उद्धार भयो ।

यस्ता घटनामा पाकिस्तानस्थित चिनियाँ दुतावासले आफू गम्भीर भएको जनाउँदै धोकाधडी गर्ने विरुद्ध कारबाही गर्ने प्रतिबद्धता वक्तव्यमार्फत जनाएको छ ।

*(बीबीसीको सहयोगमा)*

# बालबालिकालाई अंग्रेजीको भारी

■ गोविन्द विश्वकर्मा

अधिकांस अभिभावकहरुले आफ्ना बालबालिकाहरुलाई दुखजिलो गरेर भएपनि बोडिङ स्कूल नै पढाउन रुचाउछन । गाउबाट शरहतिर बसाइ सर्नुको एउटा कारण नै बालबच्चा बोडिङ स्कुलमा पढाउने रहेको पाइन्छ । सामान्यतया सामुदायिक विद्यालयमा एउटा अग्रेजी अरु सबै विषय नेपाली तर बोडिङ स्कूलमा एउटा विषय नेपाली तर अरु सबै अग्रेजी पढाइ हुन्छ ।

आफ्ना छोराछोरी फरर अग्रेजी बोलेको सुनेर अभिभावक गर्भले छाती फुलाउने गर्छन । नफुलाउन पनि कसरी नेपाल बसेर केही हुदैन विदेशै जाने हो विदेश जानलाई अंग्रेजी राम्रो चाहिन्छ । तर स्कुलमा पनि अग्रेजी घरमा पनि अग्रेजी जताततै अग्रेजी यसले आज हाम्रा बालबालिकाहरुलाई कतातिर लादैछ ? कुन संस्कार सिकाउदैछ ? के हाम्रो पहिचानलाई यसले जिवित राख्न मद्दत गर्छ ? भाषा ठूलो की संस्कार ठूलो ? के अग्रेजी फरर बोल्दैमा ऊ सबै कुरामा पोख्त हुन्छ ? अग्रेजी भाषामा सामाजिक शिक्षा पढेको बच्चाले समाजलाई नेपालीमा हैन अग्रेजीमा नै बुझ्छ । एपल भन्न आउछ तर स्याउ भन्न आउदैन । ग्रामिणस्तरमा एपल हैन स्याउ नै भनेर बुझिन्छ ।

शहरमा बसेर बोडिङ स्कुलमा पढेको नाती गाउमा गएर हजुरबालाई गुड मरनीङ भन्छ तर हजुरबा केही बोल्नुहुन्न । हजुरबा ढोग गरे वा नमस्कार भनेर नातीलाई भन्न समस्या हुन्छ । उसलाई पेले ग्रुपदेखि नै गुड मरनीङ मात्र सिकाइन्छ । बोडिङ स्कुलमा त नेपाली बोल्दा जरिवाना नै तिर्नुपर्ने अवस्था छदैछ । यो अग्रेजीको मोहले हाम्रो नेपाली संस्कारलाई भुलाउदै लगेको छ ।

आज हरेक बालबच्चाको बोलीको टोन नै अग्रेजी भएको छ । राम्रो मुख बटारेर अग्रेजी टोनमा बोल्यो भने उसको सान नै अर्को हुन्छ । यसले एक अर्कालाई सम्मान र आदर गर्ने संस्कार विस्तारै विर्सदै लगेको छ । नेपालीमा लेखिएको सरकारी कार्यालयको बैंक भौचर भर्न नजानेर एकजना युवा छटपटिदै मलाई सोधे दाई के गर्ने डिग्री गरेको छु यो भौचर भर्न सकिन यसमा त सबै नेपाली मात्र रहेछ अग्रेजीमा भको



भए एक मिनेटमा भर्थे Please दाइ हेल्प गर्नु न भनेपछि मले एकछिन ती युवाको अनुहारमा हेरे । तिनको अनुहारमा पछुतोको भाव झल्किरहेको थियो । यो त एउटा तितोसत्य मात्र हो ।

अग्रेजीको भारी बोकेका बालबालिकाहरु नेपाली निबेदन लेख्न गार्‍हो हुन्छ । अभिभावकसँग बजार जादा नेपालीमा लेखेको साइनबोर्ड पढन सक्दैन तर अग्रेजीमा छ भने एक सटमा नै पढछ । कतिपय सरकारी कामकाजको लागि सरकारी कार्यालय जादा नेपालीमा नै लेख्नुपर्ने हुन्छ तर अग्रेजीको भारी बोकेको बच्चालाई नेपालीमा लेख्न अरुको साहारा लिनुपर्ने हुन्छ । यस्ता घटना कयौ छन । आज अग्रेजीलाई प्राथमिकता दिदा हाम्रा बालबच्चाले नेपालीपन झल्किने सबै कुरा भूल्दै गइराखेका छन । यो कुरा हामीलाई पत्तै छैन । एउटा नेपालीमा आदर गर्ने सम्मान गर्ने बानी नै छैन ।

बुबा आमा काका काकी दाजुभाइ दिदीबहिनीबाट आज मम डयाड अंकल आन्टी सिस्टर ब्रोदर भएको छ । तर बुबा आमा शब्द आफैमा पृथक पहिचान हो जुन कतै पाइदैन । त्यसैले मेरो बच्चा अग्रेजी बोल्यो भनेर मख्ख पर्नु भन्दा पनि मेरो बच्चाले कस्तो संस्कार सिकिरहेको छ ? अन्तर्राष्ट्रिय क्षेत्रमा अग्रेजीको माग त होला तर यसका साथसाथै नेपाली पनि त्यत्तिकै महत्वपूर्ण छ ।

आज चिन, जापान, कोरिया, जर्मन जस्ता विकसित मुलुकलाई अंग्रेजी चाहिएको छैन । ती देश जाने हो भने उनीहरु कै मातृ भाषा अनिवार्य सिक्नु पर्छ । तर नेपाल आउने विदेशीहरुले नेपाली भाषा सिक्नु पर्दैन । त्यसकारण भाषाको मोह ठूलो कुरा हैन संस्कार ठूलो कुरा हो ।

हाम्रो देश पनि विकसित भयो भने अग्रेजी अनिवार्य हैन नेपाली चाहि अनिवार्य नहोला भन्न सकिन्न । केजीमा डयाड भन्न सिकाएको बच्चाले बुढो हुँदा पनि डयाड नै भन्छ बुबा भन्दैन । त्यसकारण बच्चालाई आधारभूत तहमा नै सबै कुराको संस्कार दिन सकियो भने पछि राम्रो हुने पक्का छ । यहा अग्रेजी ठिक हैन भन्न खोजिएको हैन तर अहिलेको बालबच्चालाई अग्रेजी जत्तिकै नेपाली पनि सिकाउन जरुरी छ । घरमा बोडिङ पढेको छोरी छ नेपालीमा पत्र आयो पढने मान्छे गाउतिर खोज्न हिडनु पर्छ । यो याथार्थतालाई लुकाउन सकिन्न । त्यसैले हरेक बोडिङ स्कूलमा अग्रेजी विषय घटाएर नेपाली विषय बढाउनु आवश्यक छ । सम्बन्धित निकायले यस कुरालाई बहसमा ल्याउन आवश्यक छ ।


कोरोना भाइरस (COVID 19) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरूलाई सूचित गरिन्छ

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
**सूचना तथा प्रसारण विभाग**

प्रेरक

## प्राणीको उपयोगिता

एक पटक एक राजाले संसारमा कुन-कुन जीव पटक्कै उपयोगी छैनन्, तिनको खोज, अनुसन्धान गर्न आफ्ना कर्मचारीलाई आदेश दिए। राजाको आदेशअनुसार लामो खोज, अनुसन्धानपछि कर्मचारीले विशेष प्रतिवेदन तयार गरेर राजालाई बुझाए। प्रतिवेदनमा जंगली झिँगा र माकुरा पटक्कै उपयोगी नभएको उल्लेख थियो। प्रतिवेदन पढिसकेपछि राजाले मनमनै सोचे- कुनै उपयोगमा आउन नसक्ने झिँगा र माकुरालाई नष्ट गर्नुपर्ला। यिनलाई बेकारमा किन राखिरहनु ?

यसैबीच ती राजाको राज्यमा अर्को एक शक्तिशाली राज्यका राजाले आक्रमण गरे। युद्धमा उनको हार भयो। उनी ज्यान बचाउँदै भागेर एउटा घना जंगलमा पुगे। शत्रु राजाका सिपाही उनलाई खोज्दै पछि लागे। भाग्दाभाग्दै राजा जंगलको भित्री भागमा पुगे। उनी निकै थाकिसकेका थिए। तिर्खा पनि लागेको थियो। एउटा खोल्सामा पानी पिएर उनी नजिकैको रूखको शीतल छहारीमा पल्टिए। थकाइले चुर भएका राजा एकै छिनमा भुसुक्कै निदाए।

राजा निदाएको धेरै बेर भएको थिएन, एउटा जंगली झिँगाले उनको नाकमा टोकिदियो। पीडाले रन्थनिँदै उठेपछि उनलाई लाग्यो- ओहो! यसरी खुला स्थानमा सुतियो भने शत्रु सेनाले एकैछिनमा भेटिहाल्छ नि! यस्तो सोचेर उनी अघि बढे। नजिकै गुफा भेटियो। उनी गुफाभित्र पसे। राजा भित्र पसेपछि एउटा माकुरो गुफाको मुखमा जाल बुन्न थाल्यो।

केहीबेरमा जाल पनि तयार भयो। शत्रु सेना राजालाई खोज्दै त्यहीँ आइपुगे। गुफाको मुखमा माकुराको जाल देखेर एक सिपाहीले भने( त्यो गुफामा त माकुराको जाल जस्ताको तस्तै छ। राजा यहाँ आएको थियो भने त यो जाल नष्ट भइहाल्थ्यो नि! 'हो हो' भन्दै सिपाहीहरू अर्कैतिर लागे। गुफामा लुकेका राजाले यो सबै सुनिरहेका थिए। उनलाई लाग्यो- यो संसारमा कुनै पनि प्राणी उपयोगहीन हुँदैन रहेछन्। आज जंगली झिँगा र यो माकुरो नहुँदो हो त मेरो प्राण गइसकेको हुने थियो।

# साप्ताहिक राशिफल

ज्यो. लक्ष्मीप्रसाद बराल

### मेष

केही समस्या देखिए पनि आँटेको काम सम्पादन हुने समय छ। प्रयत्न गर्दा साथीभाइसँगको असमझदारी सम्झौतामा टुंगिनेछ। दिगो योजनाका साथ अघि बढ्दा बिस्तारै लाभ मिल्नेछ। अरूको व्यवहारले शंका उब्जाए पनि शुभचिन्तकहरूको साथ प्राप्त हुनेछ। कृषि तथा पशुपालनबाट सामान्य फाइदा मिल्नेछ। दोहोर्याएर प्रयत्न गर्दा रोकिएको काम समेत बनाउन सकिनेछ।

### वृष

अवसरले पछ्याए पनि चुनौतीहरूसँग जुध्नुपर्नेछ। व्याहारिक समस्याले योजना रोकिन सक्छ। प्रगतिमा ईर्ष्या गर्नेहरूले दुस्ख दिनेछन्। मिहिनेतको नतिजा चित्तबुझ्दो नआउन सक्छ। बलजफ्ती गर्ने बानीले आफैंलाई समस्या निम्त्याउन सक्छ। पहिलेका सहयोगीहरू प्रतिस्पर्धामा उत्रिन सक्छन्। साथीभाइसँग सन्तुलित व्यवहार गर्नुपर्ला। लगनशीलताले मात्र लक्ष्यमा पुर्याउनेछ।

### मिथुन

अरूको भरपर्दा प्रभावकारी काम नहुन सक्छ। मानसम्मानमा बाधा पुग्नेछ। विचारलाई तौलेर मात्र व्यक्त गर्नुहोला। बुद्धिको उपयोगले अरूलाई आफ्नो पक्षमा लिन सकिनेछ। विवेकले काम लिने प्रयत्न गर्नुहोला। आवश्यक पर्दा सहयोगीहरूको साथ पाइनेछ। मिहिनेत गर्दा बिस्तारै काम बन्नेछ। विभिन्न अवसर प्राप्त हुनाले दैनिकीमा परिवर्तन आउनेछ। अध्ययनमा प्रगति हुनेछ।

### कर्कट

कामना पूर्ण हुनेछ भने रमाइलो जमघटमा सहभागी बन्ने अवसर जुट्न सक्छ। आफन्तसँग भेटघाट हुनुका साथै स्वादिष्ट भोजनको आनन्द प्राप्त हुनेछ। लक्ष्यअनुसार समयमै काम सम्पादन गर्न सकिनेछ। अध्ययनको लगावले बौद्धिक क्षेत्र फराकिलो बन्नेछ। काममा विशेष अवसर प्राप्त हुनेछ। पहिलेको सफलताले पनि हौसला जगाउनेछ। व्यापारमा मनग्य फाइदा हुनेछ।

### सिंह

आकस्मिक खर्च बढ्नुका साथै अर्थ अभाव देखापर्न सक्छ। आम्दानीका स्रोत भने कमजोर बन्नेछन्। बेलैमा होस नपुग्नाले फाइदा गुम्न सक्छ। काममा हस्तक्षेप गर्नेहरू कमजोर हुनेछन्। करकापमा गरिएको निर्णयले पनि अन्ततस फाइदै हुनेछ। प्रतिस्पर्धीहरूको कमजोरीबाट लाभ उठाउने मौका पाइनेछ। खर्च लागे पनि प्रयत्न गर्नेहरूलाई यात्राको प्रक्रिया अघि बढ्नेछ।

### कन्या

नयाँ अवसरका साथै आम्दानीका स्रोत फेला पर्नेछन्। श्रमको उचित मूल्यांकन हुनेछ। पढाइमा ध्यान केन्द्रित हुनाले प्रगति हुनेछ। प्रतीक्षित नतिजाले उत्साह जगाउनेछ। व्यापारमा थोरै लगानीबाट पनि नाफा उठाउन सकिनेछ। प्रयत्न गर्दा छोटो समयमै काम बनाउन सकिनेछ। नयाँ कामतर्फ अग्रसर भइनेछ। आम्दानी बढ्नाले जीवनशैलीमा पनि परिवर्तन आउन सक्छ।

### तुला

सामान्य कामका लागि धेरै दौडधुप गर्नुपर्नेछ। तत्काल फाइदा नहुने काममा जुट्नुपर्ला। परिबन्धले चुनौती निम्त्याउन सक्छ। ठूलो भागको आशा राख्दा भएको वस्तुसमेत गुम्न सक्छ। अरूका विषयमा चासो लिँदा व्यर्थैमा झमेला बेहोर्नुपर्ला। घरेलु समस्या सुल्झाउन समय लागे पनि सामाजिक कामले लोकप्रियता दिलाउनेछ। पेसा-व्यवसायमा उपलब्धिको स्रोत प्राप्त हुनेछ।

### वृश्चिक

अवसर र चुनौती एकसाथ देखा पर्ने हुँदा होसियारीसाथ काममा जुट्नुपर्ला। छिद्र खोतल्नेहरूले दुस्ख दिनेछन्, विशेष योजना गोप्य राखेर अघि बढ्नुहोला। शुभचिन्तकहरूको साथ-सहयोगले अप्ठ्यारा चुनौती समेत पार लगाउन सकिनेछ। सामाजिक जिम्मेवारी पनि बढ्नेछ। नयाँ कामको अवसर पनि प्राप्त हुनेछ। समाजसेवा, धर्मकर्म र परोपकारी काममा प्रवृत्त भइनेछ।

### धनु

परिस्थितिको चक्रमा अलमलिनुपर्दा काममा समय लाग्नेछ। अस्वस्थता र कमजोरी अनुभूति हुनेछ। चुनौतीपूर्ण कामको जिम्मेवारी वहन गर्नुपर्ला। हुलमुलमा धनमाल गुम्न सक्छ। खर्च बढ्नुका साथै अर्थ अभाव महसुस हुनेछ। अवसरको खोजीमा दौडधुप गर्नुपर्ला। आक्षेप लगाउनेहरू सक्रिय हुनेछन् भने सहयोग गर्नेहरू कमै भेटिनेछन्। उपचारमा खर्च हुने समय छ।

### मकर

प्रयत्न गर्दा छोटो समयमा मनग्गे फाइदा हुनेछ। सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ। विशेष उपहार प्राप्त हुन सक्छ। मित्रता र प्रेमको बन्धन कसिनेछ भने अतिथिको रूपमा सत्कार प्राप्त हुने समय छ। व्यापारको बहानामा रमाइलो यात्रा हुन सक्छ। भोग-विलास र सुख-सुविधाका लागि केही खर्च बढ्न सक्छ। केही विवादास्पद जिम्मेवारी समेत वहन गर्नुपर्ला।

### कुम्भ

वैधानिक प्रावधानले लक्ष्यमा पुग्न अप्ठ्यारो पार्नेछ। अधिकारका लागि सजग रहनुपर्ला। प्रतिस्पर्धी बढ्नाले केही चुनौतीहरू देखिनेछन्। काममा बाधा पुर्याउनेहरू प्रशस्तै हुनेछन्। विवाद तथा मुद्दाहरूमा आफ्नो पक्ष कमजोर रहनेछ। तापनि मिहिनेतले नियमित काम बन्नेछन् र सामान्य फाइदा पनि हुनेछ। प्रयत्न गर्दा भौतिक सुविधाका वस्तुहरू जुटाउन सफलता मिल्नेछ।

### मीन

कामको मेसो नमिल्दा केही पछि परिएला। अरूका लागि बुद्धि खर्चनुपर्नेछ। परिबन्धले काममा बाधा पुर्याउन सक्छ। आफ्नो प्रतिफलबाट अरूले फाइदा उठाउन सक्छन्। तापनि लगनशीलताले अप्ठ्यारा परिस्थितिलाई सहज बनाउन सकिनेछ। आगन्तुकका कारण अध्ययनमा बाधा पुग्न सक्छ। बुद्धिको उपयोगले काम बन्न सक्छ। गुरुजनको सहयोग जुट्नाले लाभ मिल्नेछ।

# कोरोना भाइरस विश्वव्यापी मानवीय हिंसाको आतंकपूर्ण संकट बन्यो

**उद्धवप्रसाद गौतम**

कोरोना भाइरसबाट उत्पन्न रोगको प्राकृतिक कारण र यसको पृष्ठभूमि सम्बन्धमा विश्वका आधुनिक चिकित्सा शास्त्री र विज्ञहरु अहिलेसम्म सत्यतथ्यता पत्ता लगाउन असमर्थ छन् । कोरोना नामक घातक भाइरसको सूक्ष्म रुप र यसको जैविक र रसायन कारणहरु पनि खोजी र अनुसन्धान गर्न विश्वका विज्ञहरुले विश्वव्यापी आह्वान समेत गरेका छैनन् । विश्व स्वास्थ्य संगठन र यस मातहतका संघसंस्था निकायहरु पनि कुनै रोगहरुको उत्पन्न कारणहरु पत्ता लगाउन र सफल औषधोपचारमा सक्रिय छैनन् । कोरोना भाइरसको कारण उत्पन्न रोगको पूर्व लक्षणहरु सम्बन्धमा पनि अहिलेसम्म विवाद तथा फरक फरक मत देखिएका छन् । त्यसैले यस रोगको सफल पहिचान निदान र उपचार समयमा हुन सक्ने अवस्था देखिएको छैन ।

पौराणिक तथा प्राचीन युगहरुमा पनि विभिन्न रोगहरुको किटाणु जिवाणु सम्बन्धमा प्राकृतिक ज्ञान, अनुभव र सफल उपचारहरु रहेको देखिन्छ । अहिले कुनै पनि रोगहरुको विभिन्न प्रकृतिका ब्याक्टेरिया भाइरस जम्सहरु फरक फरक प्रकृतिका मानवमा के कसरी उत्पन्न हुन्छन् भन्ने सत्य तथ्यको निरन्तर खोज, अनुसन्धान र पहिचान गर्ने मानव शक्तिको अभाव देखिन्छ । प्राकृतिक र दैवी चिकित्सक विज्ञ र परम्परागत उपचारहरुको अभावमा अहिले विश्वको आधा जनसंख्या औषधि खाई बाँच्न परेको छ । वंश बाबुआमाको आहार जीवनशैली आचरण र कृत्रिम जीवनको सम्बन्धमा पनि आधुनिक चिकित्सकहरु सोधखोज र चासो लिँदैनन् । अहिलेसम्म आधुनिक चिकित्सकहरुले दाँतको कीरा र रोगहरुसम्बन्धी जिवाणु पत्ता लगाउन सकेका छैनन् । यस्तै कोरोना भाइरस रोग पनि हुन सक्नेछ ।

आधुनिक चिकित्सा शास्त्र र चिकित्सकहरु करिब ३ दर्जनभन्दा बढी जटिलता, जीर्ण, दीर्घ रोगका कारण र किटाणु जिवाणुहरु पत्ता लगाउन र समयमा सफल उपचार गर्न असमर्थ रहेको अध्ययनले देखाउँछ । प्राचीन युगका परम्परागत सांस्कृतिक उपचार वैद्य चिकित्सकहरुले रोगको कारण र किटाणु जिवाणु पहिचान गरी मात्र सफल औषधि उपचार गर्नुपर्ने बाध्यताहरु रहेको देखिन्छ । महान शासक हिटलरले पनि सफल र सक्षम स्वयंसेवक परोपकारी प्राकृतिक दैवी र सदाचारी चिकित्सकहरु परिचालन गरेको इतिहास छ । जंगलमा पशुपक्षी जनावरहरुले पनि आफूलाई लागेका रोगहरुको किटाणु जिवाणु आफैंले पहिचान गरी आफैंले प्राकृतिक सफल उपचार गर्छन् । त्यस किसिमका चिकित्सकहरु पनि आधुनिक युगमा विनाश भएपछि व्यक्ति व्यक्ति, समाज र समुदायमा विभिन्न प्राकृतिक जिर्ण दिर्घ र जटिल रोगहरुका किटाणु र जिवाणुहरुले संक्रमण गरिरहेको छ । अहिले सांस्कृतिक धार्मिक र संस्थागत औषध उपचार र रोगहरु निवारण प्राकृतिक र दैवी नीति नियम संस्कारहरु पनि नष्ट र प्रस्ट सिद्ध भएका छन् ।

चीनमा उत्पन्न चिनिया कोरोना भाइरस रोगको समस्या विश्वव्यापी कहिलेसम्म कायम रहनेछ भन्ने अन्यौल छाएको छ । यस सम्बन्धमा संसारका कुनै पनि देशका स्वास्थ्य मन्त्रालय, स्वास्थ्य विभाग र संघसंस्थाहरु पनि कुहिराका कागझैं बनेका छन् । जंगली जनावर, पशुपक्षी र जीवलाई खास जटिल, जिर्ण र दीर्घ रोगहरु किन कसरी र के कस्तो प्राकृतिक कारणले लाग्नेछैन भन्ने पनि सोधखोज अनुसन्धान र यसको सत्य विवरणहरु सार्वजनिक गर्ने प्राकृतिक विज्ञहरुको अभावमा पनि कोरोना भाइरसको आतंक लामो समय संसारमा कायम रहने देखिन्छ । यस रोगको रोकथामबाहेक सफल औषध उपचारको विधि प्रक्रिया र औषधिहरु पत्ता लगाउने प्राकृतिक चिकित्सकहरुको पनि अभाव र संकट महसुस गर्ने बेला आएको छ । यस महामारी रोगको फाइदा लिन लुट, डकैती प्रकृतिको धुर्त, चोरी र ठगी विचार ज्ञानको प्रवाह भइरहेको छ ।

प्राचीन युगहरु र विभिन्न समयकालमा पनि प्राकृतिक तान्त्रिक विधि र नियमबाट व्यक्ति व्यक्ति समाज, समुदायमा घातक रोगहरुका किटाणु जिवाणु संक्रमण गराउने चलन र विधि रहेको देखिन्छ । युवायुवती, महिला, पुरुष स्वयं विषादी दोषी बनी अर्कोलाई रोगहरु लगाइ दुःख पीडा र यातना दिने समाज समुदाय र मानवहरुका संस्कार संस्कृति र सभ्यताहरु पनि रहेको देखिन्छ । महान लडाकु शासक अलेक्जेन्डरले पनि आफू युद्धमा पराजित हुन थालेपछि जटिल र घातक भाइरस ब्याक्टेरिया जर्मसहरु शत्रुहरु विरुद्ध प्रयोग गरेको इतिहास पनि साक्षी छ ।

शक्तिशाली जापानी सेनाविरुद्ध चिनियाँहरुले पनि महिला युवतीहरुमा अथक कमजोर र मानसिक शिथिल बन्ने भाइरस जर्मसहरु उत्पन्न गराई यौन उन्मादी जापानी सेनाहरुमा महिलाहरु प्रयोग गरी चीनले युद्ध जितेको पनि इतिहास छ । अहिलेको कोरोना भाइरस नामक घातक रोग पनि त्यसैको विकसित र विश्वव्यापी मानव विनाश संकटको युद्ध यौनकर्मी र यौन व्यवसायीहरुले सिर्जना गरेको आशंका छ । चीनमा अहिले पनि प्राचीन यौनकर्मी र वेश्यागामी घातक भाइरस आतंकहरु एक अर्को मानवमा प्रवाह संक्रमण हुन सक्ने गरी विकास गर्न सक्ने प्राकृतिक र रसायन तान्त्रिकहरु रहेको देखिन्छ । अफ्रिका सुनौलो प्राकृतिक भूमिहरु र मानवहरु पनि यस्तै रसायन तन्त्रयन्त्र मन्त्र जन्त्रका पारखी बोक्साबोक्सीको महादेश सिद्ध छ । अफ्रिका महादेश अहिले संसारको रोग, भोक, शोक, अभाव, संकट हिंसा, आतंक, अन्याय र शोषणहरुको केन्द्र बनेको छ । तसर्थ कोरोना भाइरस पनि संसारको मानव रोग, शोक र विनाश गर्ने उद्देश्यले विकास गरेको आशंका छ ।

# अंग्रेजी शब्दावलीको ज्ञान बढाऔं

Waffle = अनावश्यक रुपबाट बढाइचढाइ लेख्नु वा भन्नु Ha waffled for entire hours but no listened him (ऊ घन्टौं फलाकिरह्यो तर कसैले पनि उसलाई ध्यान दिएन)।

Xenophobia = विदेशीप्रति धृणा वा डर हुनु Previously she had xenophobia for Africans but later she made a negro friend (शुरुमा अफ्रिकन भनेपछि डराउने तिनी पछि त एउटा कालेलाई नै साथी बनाइन्)

Amalgamate = एकत्रित गर्न संयुक्त हुनु We activists of Greater Nepal create public opinion in favor of amalgamating the lost territories because of the Treaty of Sugauli again into Nepal (हामी विशाल नेपालका पक्षपातीहरू सुगौली सन्धिको कारण गुमेको नेपालको भूभाग पुनः नेपालमा नै एकत्रित गर्न चाहन्छौं)

Bulwark = बलियो प्रतिरक्षा The navy was the principal bulwark of Great Britain against other Euorpean armies (बेलायतको जलसेना युरोपेली अन्य देश सेनाहरूको विरुद्धमा बलियो प्रतिरक्षा थियो)

Collusion = अनियमित षड्यन्त्रकारी योजना Most of the Italian political parties collapsed for their making political collusion in partnership with mafia (माफियाहरूसँगको मिलोमतो राजनीतिक षडयन्त्र गरेको कारण इटलीका राजनीतिक दलहरू ध्वस्त हुन पुगे)

Diffuse = छर्नु । फैलाउनु The duties of the mission are to diffuse their religion (मिसनहरूको मुख्य उद्देश्य आफ्नो धर्म फैलाउनु हो)

Ephemeral = छोटो आयु भएको In this world there are many ephemeral creatures whose adult life lasts no more than a day (यो विश्वमा यस्ता छोटो आयु भएका प्राणीहरू पनि छन् जुन प्रौढ हुनासाथ एक दिनभन्दा केही बढीसमय मात्र बाँच्छन्)

Foment = असन्तोष वा कुभावना फैलाउनु For fomenting disorder in the country the radical party was banned (देशमा अशान्ति फैलाएको उग्रवादी दललाई प्रतिबन्ध लगाइयो)

Gruff = खस्रो मिजास व्यवहारको For others he is a gruff but for me he is quite gentle (अरूसँग खस्रो मिजास गरे पनि मसँग चाहिँ ऊ ज्यादै भलादमी छ)

Humus = कुहिएको झारपात Humus can be used as fertilizer in garden (कुहिएको झारपातलाई बगैंचामा मलको रुपमा प्रयोग गर्न सकिन्छ)

# Run बाट के के कुरा भन्न सकिन्छ थाहा पाइ राख्नुहोस

Run off with somebody = कसैसँग भाग्नु She ran off with her boy friend as the parents opposed the idea of early marriage उमेर नपुग्दै विवाह गर्नु हुन्न भनेपछि तिनी आफ्नो केटा साथीसँग भागिन् ।

Run off with something = केही चिज कुम्ल्याएर भाग्नु The accountant ran off with club's fund लेखापालले क्लवको कोष कुम्लयाएर भाग्यो ।

Run on = नरोकिकन निरन्तर रहनु As boss did not like the meeting to run on, it did not even for one hour हाकिमले बैठक नरोकिकनै निरन्तर भइरहोस् भन्ने नचाहेको कारण बैठक एक घण्टा पनि चलेन ।

Run on something = केही विषयमा निरन्तर आइरहनु His writings run mostly on politics and corruption उसका लेखहरु विशेष गरी राजनीति र भ्रष्टाचारमा निरन्तर आइरहन्छ ।

Run out = म्याद सकिनु This agreement will run out next month यो सम्झौताको म्याद अर्को महिना सकिन्छ ।

Run out of something = आपूर्ति बन्द हुनु If the terror of corona continues, the country will run out of consumers' good कोरोनाको त्रास निरन्तर रहेमा देशमा उपभोग्य वस्तुको आपूर्ति बन्द हुन सक्छ ।

Run out of time = बढी समय खानु As we did not start the meeting as scheduled, now we are running out of time बेलैमा बैठक शुरु नगरेको कारण अहिले हाम्रो बैठकले बढी समय खाइरहेको छ ।

Run something out = रसाउनु The loose fitting might cause the water to run out फिटिङ टाइट भएन भने पानी रसाउन सक्छ ।

Run some body out = कोही बाहिरिनु Michael was run out very soon in yesterday's cricket match हिजोको क्रिकेट म्याचमा माइकल एक क्षणमै बाहिरियो ।

Run over = भरिएर पोखिनु Stop pouring, otherwise it runs over नखन्याउ अन्यथा पोखिन्छ ।

## के लाई English मा के भनिन्छ

| English | नेपाली | English | नेपाली |
|---|---|---|---|
| 1 Bay leaf | तेजपत्ता | 1 Inn | पौवा |
| 2 Cinnamon | दालचिनी | 2 Steeple | गजुर |
| 3 Coriander seed | धनिया | 3 Refter | दलिन |
| 4 Cumin seed | जिरा | 4 Platform | प्रतिक्षालय |
| 5 Fenugreek | मेथी | 5 Peg | ठिडी |
| 6 Garlic | लसुन | 6 Saucer | थाली |
| 7 Ginger | अदुवा | 8 Mortar | सिलौटो |
| 8 Black cardamom | अलैंची | 9 churner | मदनी |
| 9 Green cadamom | सुकमेल | 10 Bobin | कोया |

पेज :बिनोद बाबू शर्मा

| English | नेपाली | English | नेपाली |
|---|---|---|---|
| 10 Goose berry | अमला | 11 Adze | बसिला |
| 11;Mint | पुदिना/पतना | 12 Axis | छुरा |
| 12 Nutmeg | जाइफल | 13 Chopper | दाउ |
| 13;Holy basil | तुलसी | 14 Dagger | चुपी/छुरा |
| 14 sesame seed | तिल | 14 Plough | हालो |
| 15 Turmeric | बेसार | 15 Spade | कोदालो |
| 16 Dibble/hoe | कुटो | 16 Fountain | छहरा |
| 17 Asylum | पागलखाना | 17 Dais | चौपारी |
| 18 lattice | आखी झ्याल | 18 Sieve | छान्ने जाली |
| 19 Pestle | लोहोरो | 19 Anvil | अचानो |
| 20 Blaster | डस्ना | 20 Chisel | छिनो |
| 21 Gimlet | सुइरो | 21 Loom | तान |
| 22 Jack plane | रन्दा | 22 Sickle | हसिया, खुर्पा |
| 23 pick axe | गैची | 23 Walnut | ओखर |
| 24 Palanguin | डोली | 24 Chestnut | कटुस |
| 25 Jack fruit | कटहर | 25 Glacial | हिमनदी |

## सुडोकु–अंक १९२

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ६ | ८ | ३ | | | | | | ७ |
| ९ | | | | | २ | ८ | | |
| | | | ३ | | | | | ९ |
| ७ | | १ | | ३ | | | | |
| | | | | २ | | | | |
| | | | | ९ | | ७ | | ५ |
| २ | | | | | ४ | | | |
| | | ९ | ५ | | | | | २ |
| ४ | | | | | | ६ | ८ | १ |

## अंक १९१ को नतिजा

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| ५ | ८ | ७ | ९ | ३ | २ | ६ | ४ | १ |
| ६ | २ | ४ | ८ | १ | ५ | ७ | ३ | ९ |
| ९ | १ | ३ | ४ | ७ | ६ | ५ | ८ | २ |
| ३ | ४ | २ | ६ | ५ | ७ | १ | ९ | ८ |
| ७ | ९ | १ | २ | ४ | ८ | ३ | ६ | ५ |
| ८ | ५ | ६ | ३ | ९ | १ | २ | ७ | ४ |
| २ | ६ | ५ | ७ | ८ | ९ | ४ | १ | ३ |
| ४ | ७ | ९ | १ | २ | ३ | ८ | ५ | ६ |
| १ | ३ | ८ | ५ | ६ | ४ | ८ | २ | ७ |

# संसारलाई तहसनहस बनाएका ५ चर्चित माहामारी

कोरोना भाइरसका कारण अहिले संसार आतंकित छ। यसले मानिसको रहनसहनमा नै परिवर्तन ल्याइदिएको छ। संसारको अर्थव्यवस्थामा मन्दी छाएको छ। विश्वमा हुने हरेक महत्वपूर्ण घटनामा अगुवाइ गर्ने अमेरिका यसपटक पछाडि परेको छ भने चीनले यसपटक आफूलाइ अब्बल सावित गर्दै अमेरिका तथा युरोपलाई समेत गुन लगाउन भ्याएको छ।

विश्वमा यस्ता महामारी बेला बेला देखिने गरेको छ। यसले विश्व अर्थ व्यवस्था तथा नेतृत्वदायी भूमिकामा पनि परिवर्तन ल्याउने गरेको पाइन्छ। प्रस्तुत छ( संसारका विभिन्न ५ महामारी जसले एकप्रकारले भन्नुपर्दा संसारको इतिहास नै बदलिदिएको थियो।

### १. ब्ल्याक डेथ र पश्चिमी युरोपको उदय

ब्ल्याक डेथ याने कि प्लेगको महामारीका कारण चौधौ शताब्दीमा युरोपको झण्डै एकतिहाइ जनसंख्या स्वाहा भयो। दशौं लाख मानिसको मृत्यु भएको यस महामारीलाई पश्चिमी युरोपका धेरै देशले एउटा अवसरका रुपमा लिए र आफूलाई समृद्धशाली राष्ट्रको रुपमा उभ्याए ।

धेरै मानिसको मृत्यु भएका कारण कृषिमा काम गर्ने जनशक्तिको अभाव भयो। जमिन्दारी खत्तम भयो। जमिन्दारको कैदबाट कामदार स्वतन्त्र भए। मजदुरको माग बढी भयो। मोलमोलाइ गर्ने क्षमता बढ्यो। मजदुरी गर्ने प्रचलनको शुरुवात भयो। मानविय जनशक्तिको अभाव भएपछि मेशिन तथा औद्योगिकीकरणको शुरुवात भयो। फलस्वरुप पश्चिम युरोपका धेरै देशले आफूलाई शक्तिशाली राष्ट्रको रुपमा उभ्याए।

प्लेग संक्रमणको यो दौरपछि लामो समुद्री यात्राको शुरुवात भएको मानिन्छ। यसअघि यस्तो यात्रा जोखिमपूर्ण र महंगो ठानिन्थ्यो। तर, प्लेगको महामारीले लाखौं मृत्यु आफ्नै आँखाअगाडि देखेकाहरुको लागि अब मृत्यु सामान्य रह्यो। अब उनीहरु नयाँ ठाउँ गएर नयाँ खोजमा उत्प्रेरित हुन थाले। जसले गर्दा अर्थव्यवस्था मजबुत भयो र यहिंबाट साम्राज्यवाद र उपनिवेशवादको शुरुवात भएको मानिन्छ।

समुद्री यात्राको शुरुवातपछि जहाँ( जहाँ उनीहरुले आफ्नो उपनिवेश बनाए त्यहींको कमाइबाट आर्थिक अवस्था पनि सुदृढ बनाए। नयाँ प्रविधिमा लगानी गरे। नयाँ प्रविधि र मजबुत आर्थिक स्थितिका कारण उनीहरुले आफूलाइ वैभवशाली राष्ट्रको रुपमा उभ्याए। एक प्रकारले भन्नुपर्दा प्लेगले युरोपलाई चुनौती, अवसर र एक प्रकारको नयाँ उर्जा नै प्रदान गर्यो भन्दा अत्युक्ति नहोला।

### २. बिफर र जलवायु परिवर्तन

पन्ध्रौं शताब्दीको अन्तमा उपनिवेशवाद विस्तारका क्रममा युरोपियनहरु अमेरिका पुगे। उनीहरु अमेरिका पुगेसँगै धेरै बिमारी पनि सँगै लिएर गए। युनिभर्सिटी अफ लन्डनका वैज्ञानिकहरुको एक अध्ययनका अनुसार त्यसबेला अमेरिकी महाद्विपमा रहेको करीब ६ करोडको जनसंख्या एक शताब्दीमा घटेर साठी लाखमा सीमित हुनपुग्यो। जसको एउटा प्रमुख कारण थियो बिफर। बिफरसँगै, हैजा, मलेरिया र प्लेग पनि यसका अन्यकारण हुन्।

जनसंख्यामा कमीका कारण एउटा ठूलो हिस्सा स्वतः चरण र जंगलमा परिणत भयो। एक अनुमानका अनुसार करीब ५ लाख ६० हजार वर्ग किमि क्षेत्र जंगलमा परिणत भएको थियो। जंगलको वृद्धिसँगै कार्वनडाइअक्साइडमा कमी भई तापक्रममा समेत कमी आएको थियो। यसका कारण संसारको धेरै भागको तापक्रममा कमी आएको अन्टार्टिकामा पाइएको हिउँको नमूनाको अध्ययनबाट पत्ता लागेको थियो।

वैज्ञानिकका अनुसार अमेरिकामा वृद्धि भएको हरियालीसँगै तापक्रममा कमी, धेरै संख्यामा ज्वालमुखीको विस्फोट तथा सूर्यको गतिविधिमा आएको कमीका कारण संसारको तापक्रममा नै कमी हुनपुग्यो। जसलाइ 'लिटल आइस एज'का रुपले पनि चिनिन्छ। युरोपियनले साम्राज्यवादको विस्तारमा जुन वातावरणीय विनाश गरेका थिए त्यसको फलस्वरुप हुन पुगेको जलवायु परिवर्तनका कारण युरोपले खाद्यान्न अभाव तथा खडेरीको सामना गर्नुपरेको थियो।


### ३. जण्डिस र अमेरिकाको उदय

फ्रान्सका सम्राट नेपोलियन बोनापार्टले हैटीलाई आफ्नो उपनिवेश बनाउनका लागि युद्धमा ठूलो संख्यामा सैनिक पठाए। युद्धको मैदानमा त ती सैनिकले बहादुरी देखाए तर हैटीमा फैलिएको जण्डिसका अगाडि भने उनीहरुको केही चलेन। आप्रवासीका रुपमा गएका उनीहरुले रैथानेले जस्तो जण्डिसको सामना गर्न सकेनन्। एक अनुमानका अनुसार करिब पचास हजार सैनिक, अन्य अधिकारी तथा डाक्टरले जण्डिसका कारण ज्यान गुमाउन पुगे। युद्धका लागि त्यसबेला हैटी गएका फ्रान्सेली सैनिक मध्ये केवल तीन हजार मात्र जिउँदो फर्केका थिए।


जण्डिससँगको यो हार पछि उत्तरी अमेरिकामा विस्तार गर्न खोजेको आफ्नो उपनिवेशलाई फ्रान्सले स्थगित मात्र गरेन, त्यसको दुई वर्ष पछि २१ लाख वर्ग किमि क्यारेबियन भू-भाग अमेरिकी सरकारलाइ बिक्री गर्यो। जसलाई लुसियाना पर्चेजको नामले चिनिन्छ। यसपछि अमेरिकाको भौगोलिक सीमा झण्डै दोब्बर भएको थियो। यसले अमेरिकालाई विश्व महाशक्तिको रुपमा उदाउन ठूलो मद्दत गरेको थियो।












### ४. राइन्डरपेस्ट र अफ्रिकी उपनिवेश

सन् १८८४र८५ मा जर्मनीको राजधानी बर्लिनमा युरोपियन देशको एउटा सम्मेलन भएको थियो। यसमा १४ राष्ट्र सहभागी भएका थिए। विशेषगरी बेलायत, जर्मन, बेल्जियम, पोर्चुगल र इटालीले त्यसबखत अफ्रिकाका कुन कुन देशमा कस्ले उपनिवेश कायम गर्ने भन्ने सहमति भएको थियो।

सन् १८७० को दशकमा अफ्रिकाको करीब १० प्रतिशत भू-भागमा युरोपियन राष्ट्रको उपनिवेश कायम थियो। तर, तीन दशक पछि भने अफ्रिकाको ९० प्रतिशत भू-भाग युरोपको कब्जामा परिसकेको थियो। यसको प्रमुख कारण भनेको १८८८ मा भएको राइन्डरपेष्ट नामक महामारी थियो। यो महामारीले मानिसलाई केही असर नगरे पनि अफ्रिकाका ९० प्रतिशत जनावर सखाप भएको थियो। यसले गर्दा कृषिमा आधारित अफ्रिकी जनताको कृषिको मुख्य हतियार गाई, गोरु सखाप बनायो र भोकमरीको स्थिति पैदा भयो। यो विषम परिस्थितिको फाइदा उठाउँदै करिब ९० प्रतिशत अफ्रिकालाई युरोपले उपनिवेश बनायो।

संयुक्त राष्ट्रसंघको हिस्ट्री अफ अफ्रिकामा अफ्रिकाको उपनिवेशवादको बारेमा, अफ्रिकामा साम्राज्यवादले त्यसबखत शिर उठायो जब अफ्रिकीहरु ठूलो आर्थिक संकटको सामना गरिरहेका थिए, भन्ने उल्लेख गरिएको छ।

### ५. प्लेग तथा मिंग वंशको पतन

चीनमा मिंग राजवंशले करीब तीन शताब्दीसम्म राज गरे। मिंग वंशले पूर्वी एशियाको ठूलो इलाकामा आफ्नो राजनैतिक तथा साँस्कृतिक प्रभाव समेत राम्रै छोडेका थिए। तर प्लेगका कारण मिंग वंशको पतन भयो।

सन् १६४१ मा उत्तरी चीनमा प्लेगका कारण झण्डै २० देखि ४० प्रतिशत जनसंख्या मृत्युको मुखमा पुगेका थिए। चीनमा उत्तरतिरबाट आएका आक्रमणकारीले यो रोग ल्याएको अनुमान गरिन्छ। यसका कारण शक्तिशाली मिंग राजवंशको अन्त्य भएको थियो ।

प्लेगसँगै संगठित रुपमा त्यहाँ मंचुरियन वंशको उदय भएको थियो। त्यसपछि उनीहरुले चीनमा लामो समय शासन गरे। मिंग वंशको पतन हुनुमा खडेरी तथा भ्रष्टाचार पनि अहं रहेको मानिन्छ। तर पनि प्लेग भने मिंग वंशको पतनको मुख्य कारण बताइन्छ।

निश्चय पनि महामारीलाई राम्रो मान्न सकिंदैन जसले हजारौं निर्दोषको अकारण ज्यान लिने गर्छ। तर, हरेक नकारात्मक कुराको पछाडि केही सकारात्मकता पनि लुकेको हुन्छ भनिन्छ। अहिले विश्वमा देखा परेको कोरोना भाइरसका कारण थुप्रैले ज्यान गुमाएका छन्। अर्थतन्त्रमा नकारात्मक असर परेको छ। तर, हरेक कालो बादलमा चाँदीको घेरा हुन्छ भनेझैं यस पटकको कोरोना महामारीले वैश्विक नेतृत्व तथा अर्थतन्त्रमा पनि सकारात्मक परिवर्तनको आशा गर्न सकिन्छ। हामीले अहिले गर्न सक्ने कामना भनेको यति नै हो।

*विभिन्न स्रोतबाट साभार*

# The Democratic People's Republic of Korea : A Country Free from Pollution



The Democratic People's Republic of Korea is drawing the attention of the international society as a country free from pollution.

This country is free from mental pollution. Such an act as sacrificing others can never be witnessed in the country; on the contrary, people devote themselves for the sake of others, like a girl known across the country as girl mother for bring up orphans, young people taking care of the elderly with no one to support, and a woman teacher who piggybacked a crippled student to school for over ten years. Numerous stories of good deeds are told in the country; an official saved another's child first rather than his child when they were drowned in a river, young people married discharged wounded soldiers and people donated their blood and skin for a patient. What is surprising is that such laudable deeds are regarded as commonplace in the country.

The CEO of the Johnson Nicolson Company of Malaysia said: In the DPRK man is regarded as the most precious being and people possessed of ennobling moral and mental traits live harmoniously, helping and leading one another forward. As a Christian, I advise the people the world over to visit this heavenly land.

It is quite natural that such mental pollution as social evils and crimes that torment people cannot be found in this heavenly land.

**The DPRK is free from natural pollution as well.**

Many visitors to the country say that the environment of Pyongyang, the capital of the country, is very clean and beautiful. When spring comes, the scenery is unfolded; the trees and shrubs on the roadsides are in full bloom and honey bees fly there.

The air of the banks of the TaedongRiver is very clear; at dawn and in the evening people can be seen doing exercise or jogging by individuals, families or teams.

Everything in the country, including air, mountain, river, lake, spring and sea, is free from pollution by waste materials. The fresh air and clear sky give a deep impression to the foreign visitors. The Kumgangsan Spring Water and Kangso Mineral Water won international certification as world-class natural drinks. Tourist attractions which make an effective use of natural resources, like the Yangdok Hot Spring Resort, are drawing an international attention as pollution-free areas.

Natural reserves including Mt Paektu, which is registered as an international bio-sphere reserve, and other mountains like Kumgang, Myohyang and Chilbo and such famous places and spots as the Songdowon bathing beach, Myongsasimni and LakeSijung are noted as pollution-free areas with protected natural ecological environment.

The DPRK protects the natural living monuments and the natural ecological environment of natural reserves through state measures. Every year the work of protecting land and environment including tree planting in spring and autumn, pest control in forests, river improvement and forest restoration is conducted as a campaign involving the whole country and all the people. The environment-friendly technologies that utilize solar energy, terrestrial heat and wind are actively being developed and introduced into economic development. The industrial enterprises and other production units are putting their production lines on a germ- and dust-free footing. Thanks to such measures aimed at protecting the environment the DPRK has turned into a land which any world-wide epidemic cannot attack.

The international community are learning this from the fact that the country has so far been unaffected by Covid-19 as it was by SARS and MERS.


## हार्दिक श्रद्धाञ्जली



यस ग्रेटर नेपाल साप्ताहिकका प्रवन्ध सम्पादक, सुरेन्द्र ढकाल प्रतिष्ठानका कार्यकारी सदस्य तथा समाजसेवी श्री कृष्णराज दुलालका पिता ठाकुरप्रसाद दुलाल स्वर्गारोहण हुनु भएको ४५ दिनको पुण्य तिथि (२०७७।४।१०) को स्मरण गर्दै दिवंगत आत्माको चीरशान्तिको कामना गर्दछौं । साथै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना अर्पण गर्दछौं ।

**सुरेन्द्र ढकाल प्रतिष्ठान तथा**
**समस्त ग्रेटर नेपाल साप्ताहिक**
**परिवार**

## महामारी...

संख्या १८ हजार बढी छ भने मृत्यु हुनेको संख्या ४२ पुगेको छ । यसको अर्थ हो लकडाउन हट्यो तर महामारी हटेको छैन । स्वास्थ्य सतर्कतामा सरकार र नागरिकले ध्यान नदिए संक्रमणले भयावह रुप लिन सक्ने चेतावनी विज्ञहरुले दिइरहेका छन् ।

लकडाउन हटेसँगै सडकमा सवारी साधनको चाप बढेको छ । सरकारी कार्यालयहरु एकै सिफ्टमा चल्न थालेका छन् । १५ साउनदेखि होटल रेस्टुराँ, ट्रेकिङ ट्राभल्स, पर्वतारोहण, पर्यटन व्यवसाय खुल्दैछन् । भदौ १ गतेदेखि लामो दुरीका सवारी साधन, विद्यार्थी भर्ना, परीक्षा सञ्चालन, आन्तरिक तथा अन्तर्राष्ट्रिय उडान, खेलकुद प्रशिक्षण र प्रारम्भिक चरणका खेलहरु पनि सुरु हुँदैछन् । लामो दूरीका सवारी साधन भदौ १ अघि नै चलाउन व्यवसायीहरुले सरकारसँग संवाद गरिरहेका छन् । सबै खुला भएपछि मानिसहरुको बाक्लो भेला र जमघट हुने नै भयो ।

मास्क अनिवार्य लगाउन, हेन्ड सेनिटाइजर वा साबुनपानीले हात धुन, सरकारले दिएको सुझाव पनि मानिसहरुले बेवास्ता गरिरहेका छन् । चौपट भएको अर्थतन्त्र र जनताको दैनिकीका खातिर सरकारले लकडाउन खोलेको हो । महामारी सकिएको होइन । सबैले स्वास्थ्य सावधानी नअपनाए उपत्यकाको हालत भारतको नयाँ दिल्लीको जस्तो हुन सक्छ ।

## रोकिएन...

सम्मको ट्र्याक खोल्ने काम पूरा गरेको छ । गुन्जी र कुटीको बीचमा दुईवटा पुल निर्माण भइसकेको समाचारमा उल्लेख छ । जुलाई अन्तिमसम्ममा कुटी गाउँको घट खोलाको नालामा तेस्रो पुल निर्माण भइसक्नेछ । बीआरओले सडक निर्माणमा एक हजार स्थानीयलाई परिचालन गरेको जनाइएको छ । भारतले लिपुलेक-मानसरोवर र गुन्जी-जोलिंकन सडकलाई प्राथमिकतामा राखेको देखिएको छ ।

## लिम्पियाधुरा...

हस्तान्तरण गरिएको थियो । उक्त सन्धिमा पश्चिमको राप्तीदेखि पूर्वको कोसी नदीसम्मका तराईका जिल्ला उल्लेख नभएकाले त्यसको ९ महिनापछि अर्थात् डिसेम्बर ८ मा सुगौली सन्धिकै पूरक सन्धि भयो । त्यो सन्धि लिम्पियाधुरा नेपालकै हो भन्ने दोस्रो दह्रिलो प्रमाण हो । नेपालको कोसीदेखि राप्तिसम्मको समतल भूभाग नेपाललाई फिर्ता गर्न चाहेको भन्दै अंग्रेज सरकारले नेपाल सरकारलाई पत्र पठाएको र त्यही आधारमा सुगौली सन्धिकै पुरक सन्धि भएको थियो । पुरक सन्धिमा लिम्पियाधुरा नेपालको नक्सामा रहेको थियो । तेस्रो आधार सन् १८६० नोभेम्बर १ मा भएको तत्कालीन श्री ३ जंगबहादुर राणा र अंग्रेज सरकारका तर्फबाट लेफ्टिनेन्ट जर्नेल जर्ज ग्याम्सेबीच भएको सम्झौता हो । जुन सम्झौता अनुसार बाँके, बर्दिया, कैलाली र कञ्चनपुर नेपाललाई फिर्ता गरिएको छ । त्यसबेला तयार गरिएको नक्सामा पनि लिम्पियाधुरा नेपालमै राखिएको छ । सन् १८७५ जनवरी ७ मा दाङको डुडुवा क्षेत्रमा सिमांकन भयो । जसमा नेपालको तर्फबाट कर्णेल सिद्धिमान साहेब बहादुर राजभण्डारी र अंग्रेज सरकारका तर्फबाट कमिस्नर लेफ्टिनेन्ट जर्नेल एन्ट्रिडको संयुक्त आयोगले नक्सांकन गर्‍यो । उक्त नक्सामा पनि पश्चिम नेपालको लिम्पयाधुरा नेपालकै नक्सामा छ ।

नेपालका १ सय ३२ किसिमका नक्सा सरकारले फेला पारेको छ । नेपाल स्वयंले आफ्नो नक्सा आफैं प्रकाशन गर्न छुट्याइएको छ । यति धेरै प्रमाणका बाबजुद नेपालले पहिलो पटक प्रकाशित गरेको नक्सामा लिम्पयाधुरा समावेश नगरिनु नै रहस्यमय छ । त्यस यताका नेपाल आफैंले जारी गरेका नक्सामा लिम्पयाधुरालाई छुट्याइएको छ । १९९५ सालमा तत्कालीन नेपाल सरकारलाई लिम्पियाधुरा क्षेत्रका नागरिकले बाली बुझाएको प्रमाण सरकारसँग छ । त्यसमा लिम्पयाधुरा क्षेत्रका गुन्जी, नाबी र कुटी गाउँका बासिन्दाले नामावली स्पष्टै देखिने प्रमाण पनि सरकारसँग छ । त्यसबेला त्यस क्षेत्रका केही नागरिकले अन्न र केहीले पैसा नेपाल सरकारलाई बुझाएको रसिदले लिम्पियाधुरा नेपालकै हो भन्ने आधार स्पष्ट पारेको छ । २०१५ सालको प्रथम आमनिर्वाचनको मतदाता नामावली र २०१८ को जनगणना तथ्यांक पनि सरकारसँग छ । सन् १८५७ मा भारतले नै जारी गरिदिएको नेपालको नक्सामा कुटी, नाबी, छाङरु नेपालतर्फ देखिने गरी कालीनदीलाई सिमाना मानिएको छ । सन् १८५६ मा सर्भे अफ इन्डियाले निकालेको एउटा नक्सामा भने लिपुलेक भन्ज्याङबाट आउने नदीलाई नेपाल भारतको सिमाना मानेर लिम्पियाधुरालाई भारततर्फ पारिएको छ । ऐतिहासिक दस्तावेजका अनुसार भारतको पहिलो चलखेल यहीँबाट सुरु हुन्छ । त्यसपछि कहिले लिम्पियाधुरासहित र कहिले लिम्पियाधुरा बेगरका नक्सा प्रकाशित भएका छन् ।

नेपाल र भारतबीच विगत सात दशकदेखि अल्झनका रुपमा रहेको लिपुलेक, कालापानी क्षेत्र सम्बन्धी विवाद गत २६ वैशाखमा भारतले एकतर्फी ढंगले पिथौरागढ-लिपुलेक लिंक सडक खण्ड उद्घाटन गरेपछि पुनः चर्किएको हो । भारतका रक्षामन्त्री राजनाथ सिंहले उक्त सडक उद्घाटन गरेका थिए । नेपालले त्यसको तत्कालै विरोध जनायो । २ जेठमा भारतका सेना प्रमुख मनोज मुकुन्द नरवाणीले लिपुलेक सडक भारतकै भूमिमा बनेको र त्यसलाई लिएर नेपालमा भइरहेको विरोध कसैको इसारामा भएको अभिव्यक्ति दिए । नेपालमा त्यसको राजनीतिकदेखि जनस्तरबाट चर्को विरोध भयो । भारतले नेपालको नयाँ नक्साको विरोध गर्दै परराष्ट्र मन्त्रालयमा कूटनीतिक नोट नै पठाएको छ । कोरोना महामारीलाई देखाएर भारत द्विपक्षीय वार्ताबाट भागिरहेको छ ।

लिम्पियाधुरा समेटिएको नेपालको नयाँ नक्सा सार्वजनिक गर्न निर्देशन दिने प्रधानमन्त्री केपी ओलीको नेकपा भित्रैबाट राजीनामा मागिएको छ । पुष्पकमल दाहाल, माधव नेपाल, झलनाथ खनाल, वामदेव गौतमहरुले ओलीलाई पार्टी अध्यक्ष र प्रधानमन्त्री दुवै पदबाट राजीनामा गराउन जुन राजनीतिक कसरत गरिरहेका छन् त्यसले कालापानी, सुस्ता सीमा विवादलाई ओझेलमा पारिरहेको छ । ओली सरकार ढल्छ वा ढल्दैन त्यहीअनुसार वार्ता गर्न 'पर्ख र हेर' को मुडमा भारत देखिएको छ । इपीजी प्रतिवेदन समेत बुझ्न अस्वीकार गर्ने भारतले सहजै नेपालसँग सीमा विवादबारे वार्ता गर्ला र विवाद अन्त्य गर्ला भनेर सोच्नु वचकना हुने विश्लेषकहरु बताउँछन् । सीमा विवादलाई अन्तर्राष्ट्रियकरण गरेर भारतलाई वार्तामा बस्न बाध्य पार्नुपर्ने विश्लेषकहरुले सुझाउन थालेका छन् । तर यही बेला नेकपाका नेताहरु सत्ता रस्साकस्सीमा लागेकाले लिम्पियाधुरा नक्सामै सीमित हुने त होइन भन्ने आशंका बढ्दै गएको छ ।

## ओलीले फाले...

एमाले नामको पार्टी दर्ताका लागि आवेदन परेको समाचारले दाहाल नेपाल गुटमा ठूलै रेक्टर स्केलको भूकम्प गयो । ओलीकै निर्देशनमा एमाले पार्टी दर्ता गर्न लागिएको र ओली पार्टी फुटाउने तहसम्म पुगिसकेको थाहा पाएपछि दाहाल नेपाल पक्षधरहरु झनै आक्रोशित भए र ओलीलाई विधिको पालना गर्न भन्दै बहुमत आफ्नो पक्षमा रहेकाले राजीनामा गर्न सुझाए । कसै गर्दा पनि ओली नगलेपछि विवाद अन्त्यको जिम्मेवारी दुई अध्यक्षबीच हुने गरी टुक्रे भेला र बैठकहरु केही दिन सुस्ताए । तर ओली र प्रचण्डबीच कुनै विषयमा सहमति भएन । प्रधानमन्त्रीबाट राजीनामा गरेर अध्यक्षको हैसियतमा पार्टी हाँक्न प्रचण्डले ओलीलाई भने पनि ओलीले दुवै पद नछोड्ने हाक्काहाक्की अडान देखाए ।

ओलीले प्रचण्डलाई सिधै भनिदिए- 'तपाईंलाई अध्यक्ष हुनु छ भने महाधिवेशन पर्खनोस्, प्रधानमन्त्री हुनुछ भने निर्वाचन आउन दिनोस् ।' नाजबाफ बनेर बालुवाटार फर्किए प्रचण्ड । मानसिक रुपले पार्टी अहिले पनि विभाजित छ । तर पार्टी फुटेको औपचारिक घोषणा भने भएको छैन । नेकपाभित्रको विवादमा छिमेकी मुलुक चीनले पनि चासो देखायो । चिनियाँ राजदूत याङ्छीले नेकपामा शीर्ष नेताहरु प्रचण्ड, माधव नेपाल, झलनाथ खनाल, प्रधानमन्त्री, राष्ट्रपति, सबैसँग अलग अलग संवाद गरिन् । उनको यस्तो सक्रियतालाई कूटनीतिक आचरण विपरीत भनेर पनि टिप्पणी गरिए । नेकपाभित्रको विवाद यथावत नै रहे पनि पार्टी विभाजनबाट भने बालबाल बँचेको छ । यसको श्रेय राजदूत याङ्छीलाई दिइएको छ ।

राजीनामाको विषय अब केन्द्रीय कमिटी बैठकमा पुग्दैछ । सम्भवतः भदौमा केन्द्रीय कमिटी बैठक बस्नेछ । ओलीलाई महाधिवेशनले अध्यक्ष निर्वाचित गरेकाले सचिवालय, स्थायी कमिटी र केन्द्रीय कमिटीले हटाउन सक्दैन । उनी निर्वाचित प्रधानमन्त्री भएकाले र संसदीय दलमा बहुमतमा रहेकाले प्रधानमन्त्रीबाट प्रचण्ड, माधव नेपाल, झलनाथ र वामदेवले राजीनामा माग्दैमा दिन बाध्य हुने छैनन् । 'ओलीले आँट नगरेर मात्र हो नत्र खुमलटारमा बैठक गरेर राजीनामा माग्ने गिरोहलाई पार्टीबाटै निष्काशन गर्नुपर्ने हो' एक राजनीतिक विश्लेषक भन्छन् । महाधिवेशनले चुनेका अध्यक्ष र जनताले निर्वाचित गरेका प्रधानमन्त्रीको राजीनामा माग्नु राजनीतिक नैतिकताको पतन मान्छन् ती विश्लेषक । उनी अगाडि भन्छन्- पूर्व माओवादी एमालेसँग एकता गर्नुको रहस्य अर्कै थियो । किड्नीका रोगी ओली दिनदिनै थलिँदै थिए । माधव नेपाल, झलनाथ, वामदेव सबैलाई लागेको थियो ओली धेरै बाँच्दैनन् । पार्टी एकता भएपछि प्रचण्ड प्रधानमन्त्री हुने, माधव नेपाल पार्टी अध्यक्ष हुने र विद्यालाई महाअभियोगबाट पदमुक्त गराएर झलनाथ राष्ट्पति बन्ने योजना थियो । तर ओलीले किड्नी प्रत्यारोपण गराए । यो सफल हुँदैन भन्ने प्रचण्ड माधव गुटको बुझाइ थियो । प्रत्यारोपण सफल भयो । ओली स्वस्थ भए । उनीहरुले देखेको सपना चकनाचुर भयो । अनि राजीनामाको खेल सुरु भयो ।

यसैबीच ओलीले मंसिरमा एकता महाधिवेशनको पासा फ्याँकिदिएका छन् । अब महाधिवेशनको बहस सुरु भएको छ । केन्द्रीय कमिटीले २०७७ चैत २५-३० को मितिमा महाधिवेशन गर्ने निर्णय गरेको थियो । मंसिरमा महाधिवेशन गरौं भन्ने ओली प्रस्तावले राजीनामाको विषयलाई गौण बनाएको छ । माधव पक्षधरहरु जनताको बहुदलीय जनवादको पक्षमा उभिने बुझेपछि प्रचण्ड सशंकित भएका छन् र पूर्व माओवादीहरुको भेला चल्न थालेको छ ।

## ओली खुइल्याउने...

गर्ने गरिएको सूत्र बताउँछ । प्रधानमन्त्री केपी ओलीको बेगलाम बोली बुद्धिजीवीहरुलाई आफैंमा दह्रो खुराक बनेको छ भने विभिन्न मन्त्रालयमा हुने भ्रष्टाचार, आर्थिक अनियमितताले पनि उनीहरुलाई शक्ति प्रदान गर्ने गरेको छ । सञ्चार माध्यमहरुमा नियमित लेख्ने, ओलीका विरुद्ध खरो रुपमा बोल्ने बुद्धिजीवीहरुलाई ओली समूहले नियन्त्रण गर्ने प्रयास गरे पनि सकिरहेको छैन । अर्को समूहको पार्टीभित्रका बुद्धिजीवीहरुमाथि गतिलै लगानी भएका कारण बुद्धिजीवीहरुको हात कलम गर्न ओली समूहलाई कठिन भएको छ ।

## मालेले...

बताउनु भयो । महासचिव मैनालीले यस्तो अवस्थामा हामी मालेजनले पार्टीद्वारा निर्दिष्ट नीतिहरूसहित पाँच जनकार्य लिएर जनताबीच जानुपर्ने बताउनु भयो । कार्यक्रममा स्थायी कमिटी सदस्य क. डम्बर श्रेष्ठ, क. कुमार बेलबासे र क. कृष्ण राना, केकस क. महेन्द्र शाह, र क. सिद्धि महर्जनले पनि मन्तव्य राख्नु भएको थियो ।

## भारतीयसँग...

यौन दुर्व्यवहार, बलात्कार र यौन दुराचार गरी पीडित बनेका महिलाहरु र तिनका सन्तानले क्षतिपूर्ति र न्याय माग्ने अवस्थामा रहेको बताइन्छ । उत्तरी सीमामा रहेका १८ वटा भारतीय चेकपोस्टका अधिकृत र जवानहरुले वेश्यागमन, यौन दुराचार र बलात्कार गरी पीडित महिलाहरुको खोजी र छानबिनका लागि नेपाल सरकारले आयोग गठन गरोस् भन्ने पक्षमा स्थानीय जनता रहेका छन् । चीनले पनि जापानी यौन उन्मादी सेनाबाट पीडित हजारौं महिलाहरुको लागि जापानसँग अझै क्षतिपूर्ति माग गरिरहेको छ ।

## नेकपाको...

पचाउन नसकिरहेको अवस्थामा दुबै मिलेर प्रधानमन्त्री केपी ओलीलाई हटाउन भरमग्दुर प्रयास गर्दैछन् ।

सरकारले जनताको हितमा तुरुन्त परिणाम दिनेभन्दा दिर्घकालिन हित हुने ठूला आयोजनामा बढी केन्द्रित हुँदा जनता निरास हुँदै गएको फाइदा लिने प्रयास गरेका छन्- नेकपाभित्रका इत्तर पक्षहरुले । पछिल्लो अवस्थामा अमेरिकन सहयोगका नाममा भित्रिने एमसिसिको कारण जनताबाट भएको ठूलो विरोधको फाइदा लिएर प्रधानमन्त्रीको राजीनामा माग्ने हिम्मत गरिरहेका छन् प्रचण्डहरुले । यसले गर्दा सरकारले गर्नुपर्ने धेरै महत्वपूर्ण कार्यहरु ओझेलमा पर्दै गइरहेका छन् ।

'मलाई सरकारबाट हटाउन भारतले षड्यन्त्र गरिरहेको छ र पार्टीभित्र पनि मलाई हटाउने प्रयास भइरहेको छ भन्ने वक्तव्य प्रधानमन्त्री ओलीबाट आएपछि पार्टीका शीर्ष नेताहरु एक भएर प्रधानमन्त्री विरुद्ध खनिए । उहाँलाई प्रधानमन्त्री र पार्टी अध्यक्ष दुवै पद छाड्नुपर्ने दबाब दिनथाले । यही बेलामा पार्टीभित्रका भातृ संगठनहरु सक्रिय भएर प्रधानमन्त्रीको समर्थनमा उत्रिए । साथै चिनियाँ राजदुतको सक्रियता बढेर नेताहरुलाई भेटघाट गरेपछि हाल यो नेकपाको विवाद केही मत्थर भएको छ । तैपनि दलको एकता अझै पनि धरमरमा नै छ । यही बेलामा प्रधानमन्त्री केपी ओलीले भानुजयन्तीको अवसरमा रामको जन्मभूमि नेपालको ठोरीमा भएको हो भनेर वक्तब्य दिएपछि यसले निकै ठूलो बहस चलाएको छ ।

भारतमै विवादित राम जन्मभूमि प्रधानमन्त्रीको यो वक्तव्यले झन् चर्कियो । यो विषय भारतीय नेताहरुको टाउको दुखाइ भएको छ । भारतमा यसको निकै विरोध भए पनि नेपालमा राम्रो समर्थन प्राप्त भएको छ । रामको जन्म वाल्मिकी आश्रम चितवनमा भएको भन्ने विषयमा अध्ययन, अनुसन्धान भइरहेको छ । तथ्य प्रमाणहरु फेला परिरहेका छन् । सीताको माइती जनकपुरमा भएको विषयमा कुनै विवाद छैन । त्यसो हुँदा दूरी र समयको हिसाबले चितवनमा भएको अयोध्यापुरी नै सही अयोध्या भएको हुनसक्ने बिषयले प्रमाणिक रुपमा निकै महत्व पाएको छ ।

यस्ता अनेक खालका विवादमा देश अल्झिरहँदा देशको वास्तविक समस्या ओझेलमा परिरहेका छन् । अहिले देशमा कोरोनाको साथै बाढी पहिरोको महामारी छ । कृषकले समयमा मल बिउ नपाएर अक्रान्त छन् । भारतले नाकाबन्दी गरेमा नेपालीले खाद्यान्नको अभाव झेल्नुपर्ने छ । यसतर्फ सरकारले जनतालाई खाद्यान्नमा आत्मनिर्भर हुनेतर्फ आवश्यक सहयोग पुऱ्याउन जरुरी छ । अब किसानलाई खाद्यान्न लगायत नगदे बालीमा बढी जोड दिनुपर्छ । जडीबुटी, फलफूल, तरकारी, उखु, जुटलगायत किसानलाई गाँजा खेतीतर्फ पनि बैधता प्रदान गरी यसतर्फ आकर्षित गराउनु अहिलेको आवश्यकता हो ।

गाँजाखेतीलाई बैधता दिन धेरै सभासद तथा बुद्धिजीवीबाट सरकारलाई दबाब दिने कार्य भइरहेको छ । गाँजाबाट किसानले अत्यन्त राम्रो आम्दानी गर्न सक्नेछन् । रेमिट्यान्सबाट घटेको आम्दानीको क्षतिपूर्ति धेरै हदसम्म गाँजा खेतीबाट पूरा हुनसक्छ । धेरै विकसित देशहरुले यसलाई औषधिको रुपमा प्रयोग गरिरहँदा नेपालको गुणस्तरीय गाँजा उत्पादन गरी निकास गर्नुपर्नेमा आफूलाई चाहिने गाँजा विदेशबाट खरिद गर्नु दुर्भाग्य हो । यसलाई केन्द्रीय सरकार, प्रदेश सरकार तथा स्थानिय निकायले निगरानी गर्दै गाँजा खेती गर्न दिई उत्पादित गाँजा विदेशी निकासि गर्ने जिम्मा सरकारले लिन आवश्यक छ ।

जनताको जीवनस्तर सहज बनाउन नेकपाको आन्तरिक झगडा शिघ्र समाधान गरी देशले सही बाटो लिन अत्यावश्यक छ । जिम्मेवारीको राम्रो बाँडफाँड गरी प्रधानमन्त्रीको प्रस्तावअनुसार महाधिवेशन मिति निश्चित गरी पूरा नेकपा महाधिवेशनको तयारीमा लाग्न उचित हुनेछ । नत्र नेकपा पार्टी फुट्ने मात्र होइन राष्ट्रलाई नै अपठ्यारो पर्नसक्छ । जसरी भारतजस्ता देश नेपालमा अस्थिरता ल्याउन प्रयासरत छन् यसबाट हामी जोगिन सकिएन भने हाम्रा सन्ततिले कहिले पनि सुख र शान्तिपूर्वक बस्न पाउने छैनन् । अनि हाम्रो भ्रष्टाचार नियन्त्रण गर्दै देश विकास गर्ने आशा सपनामात्र हुनेछ । अन्तिम अवसरको रुपमा प्रधानमन्त्रीले आत्मालोचना गर्नुको साथै सबै नेतृत्वबाट गल्ती महसुस गरिनुपर्छ । साथै प्रधानमन्त्रीले हालका सल्लाहकार सहयोगीको बदली गर्दै अनावश्यक व्यक्तिको बालुवाटारमा आउन निषेध गर्नुपर्छ । अन्त्यमा प्रधानमन्त्रीले हालका केही भ्रष्ट मन्त्रीहरु बदल्नुको साथै क्षमतावान र सक्रिय व्यक्तिलाई मन्त्रिमण्डलमा ल्याइनुपर्छ ।

## भगवान् राम...

राजाले परायी स्त्रीसंग प्रेम गर्नुहुंदैन । सत्य, शौच (पवित्रता), दया, क्षमा, स्वभावमा कोमलता, मीठो बोली, ब्राम्हण-गौ-संत तथा सज्जनप्रति श्रद्धा सात गुण राजाको लागि परमकल्याणकारी हुन् भने सात दोष निद्रा, आलस्य, मद्यपान, द्यूत (जुआ), वेश्यासंग प्रेम, बढी खेलकूद र शिकार गर्नु हुन् । प्रजालाई पुत्रसमान पालन, आम्दानीको षष्ठांशमात्र कर लिनु, गुप्तचरद्वारा देशभरीको समाचार लिईरहनु, अन्य राज्यको सूचना संकलनको लागि २-२ वा ५-५ गुप्तचर वेष बद्लेर खटाउनुपर्छ । आफ्ना दूतबाहेक अन्यको विश्वास गर्नुहुंदैन ।

समयानुकूल साम, दाम, दण्ड, भेद प्रयोग गरि आफ्नो कार्य सम्पादन गर्ने, जुन कार्य मनमा सोचेको हो त्यसलाई कसैलाई नभन्ने तर स्वयं कार्य गरिरहने, नोकरको विश्वासमाथि राजकाज नछोड्ने, प्रतिमास खजानाको स्वयं निरिक्षण, सलियाना मंत्रीका साथ देशको सुरक्षार्थ बनाइएका खाल्डाको निरिक्षण, ४-४ महिनामा शस्त्र, सडक तथा कोठारका निरिक्षण, ८ वा १५ दिनमा हाथी, घोडा (सवारी)को निरिक्षण, महिनामा कपडाको देखभाल, तेस्रो दिनमा पालित् सुग्गा-कोयलको भने प्रति छह माहमा सीमामा नियुक्त अधिकारिको निरिक्षण, सर्वदा राज्यनिवासीलाई ध्यान दिने, प्रति महिना सेना तथा बगैंचा निरिक्षण, छैठौं महिनामा कुंवा-बावली (पानीको स्रोत)को निरिक्षण पडताल गर्नुपर्छ । सके प्रति ३ महिनामा नसके ६ महिवा वा वर्षदिनमा राजा सेनाको साथ राज्यको दौरा गरि ब्राम्हण, देवता, यति तथा गुरूजनको सन्तोषको जांच गर्नुपर्छ । अर्थको काम स्वयं हेर्ने, आयको चौथाईमात्र खर्च गर्ने, विकट परिस्थितीमा बढीमा तृतीयांश खर्चने, सेनापति, मन्त्रीलाई तथा आफू नजिक रहनेलाई सदा दानमानले खुशी राख्ने, न बढी रीस राख्ने र न कसैसंग बढी प्रेम गर्ने, दुर्ग (किल्ला)को रक्षकसंग कहिल्यै विरोध नगर्ने ।

त्यस्तै, खाना (तोप, गज आदि) निवासी, राजधानीभन्दा टाढा नगरनिवासी, पर्वत/दुर्ग/जंगल निवासी, टापु वा तट निवासी, परदेशी, द्वीपान्तरनिवासी तथा कुनैपनि देशका निवासीसंग राजाले बराबर हेरचाह गर्ने । गुप्तरूपधारी, संन्यासीवेषधारी, अवधूत, वणिक् तथा नागावेशधारीबाट अन्य राज्यको समाचार संकलन गर्नुपर्छ र प्रतिवर्ष नयां अधिकारी नियुक्त गरियोस्, प्रदेशाधिकारीको चांडो सरूवा गर्ने, अन्य राजाको सेना तथा सैन्यबलको बराबर निगरानी, अर्को देशको गुप्तचर आफ्नो देशमा देखापरेमा दण्ड नदिई छोडिदिने तर उसको अभिप्रायलाई बुझ्ने, आफ्ना सीमाका दूतलाई नियमित शिक्षित पार्ने । देश, काल, बल, कोष र स्वयंको उत्साह हेरि आफ्नो बल, मित्रको

## ओलीजीको शब्दमा तीज कोसेली



– गोपीकृष्ण प्रसाईं

गीतकार घनश्याम ओलीको शब्द रहेको तीज गीत 'आयौं चेली माइती सम्झेर...' हालै गज्जब टिभी युट्युब च्यानलमार्फत सार्वजनिक भएको छ । हिन्दु नारीको महानपर्व तीजको संस्कृतिलाई उजागर गर्ने गरी




सार्वजनिक भएको तीज गीतमा दिपक शर्माको संगीत, कृष्ण वि.क.को एरेन्ज, श्यामश्वेत रसाइलीको मिक्सिङ रहेको छ भने अहिलेका तीनै जना चर्चित गायिका रचना रिमाल, एलिना चौहान र समिक्षा अधिकारीको स्वर रहेको छ । गीतको म्युजिक भिडियोको छायाँकन नवराज उप्रेती, सम्पादन अमन मानन्धरले र निर्देशन सरोज ओलीले गरेका छन् ।

नेपाली लय, लोक परम्परा, तीजको ऐतिहासिक पक्ष, यसको गरिमा र धार्मिक महत्ताको अन्तर्यमा पसेर घनश्याम ओलीज्यूले रचना गर्नुभएका गीतले हृदयका तन्तुहरूमा संवेदनाका रूपरेखाहरू स्पन्दित भई गाउँ बेंशीलाई गुन्जयमान बनाएको छ । ओलीज्यूको शब्द चयनमा चेली र माइतीबीचको हृदयहारी, निस्वार्थ, अपूर्व माया र जीवनका लयहरू मिसिएको सुललित भावहरूको उच्चतम सौन्दर्य झल्किन्छ ।

उहाँका शब्द चयनमा हिमाल, पहाड, तराई सबै ठाउँमा गुन्जिने चेलीका आवाजहरू छन् । माइती र चेलीबीचको बिछोडलाई मिलन गराउने तीज पर्वका गरिमायुक्त भाकाहरू निसृत भएका छन् । अहिलेको परिवेशमा पनि तीजका संगीत अनि झङ्कारहरू कति लययुक्त र सौन्दर्यशाली भएर उभिएका छन्, यसले सबैको मन तान्छ नै । परम्परा र र वर्तमानसँग एकाकार भई सृजना हुन पुगेको तीजको गीत मलाई निकै राम्रो लाग्यो ।

भर्खरै गायन क्षेत्रमा पाइला चाल्नुभएका तीनै गायिका रचना रिमाल, समीक्षा घिमिरे र एलिना चौहानहरुले छोटो समयमै प्रसिद्धि कमाउनुभएको छ । तीज गीतलाई यति सुन्दर बनाउन जुट्नुभएका सम्पूर्ण टिम बधाईका पात्र हुनुहुन्छ । २ हप्तासम्म ट्रेन्डिङमा बसेर यति चाँडै २४ लाख भ्यु पाउन सफल यस तीज गीतले यस पालिको तीजमा सर्वत्र प्रशंसा बटुल्न सक्नेछ र यो एक अब्बल गीत हुनेछ । मेरो हार्दिक शुभकामना एव बधाई छ ।

बल, मित्रको मित्रको बल तथा सुहृद्को सुहृद्योंको बल विचार गरि शत्रुको बल निरिक्षण गर्ने, शत्रुको उत्कर्ष सुनेर धैर्य नगुमाउनु, को राजा आफूलाई साथ दिन्छ वा शत्रुलाई, फेरी शत्रुको शत्रुसंग मित्रता गांस्ने, अरूको शत्रुको कि रक्षा नगर्नु वा राम्ररी गर्नु, शत्रुको सेना कुनै प्रकार धोखाले निकट आएमा सुरक्षा दिने, शत्रुको मित्र तथा सुहृद्का सेनाको रक्षा गर्नु, शत्रु राष्ट्रका पर्वत, नदि, वन, दुष्टहरूको बाटो, जलाशय, गुप्तचरको बाटो आदिको ज्ञानलिई आफ्नो राज्यको सुरक्षाको प्रबन्धगरि मात्र आक्रमण गर्ने, संग्रामभूमीबाट नभाग्ने, शत्रुलाई आफ्नो पीठ्यूं नदेखाउने ।

राजाले कहां जाने हो, त्यो बताउनु हुंदैन (मानौं पूर्वमा जानु छ भने उत्तरतिर झण्डा गाड्ने अनि सेनाका शिविरहरू बनाउने आधाकोस जति सेनाहरू उत्तरमै गई पछि पूर्वतिर लाग्ने), अन्य राजाको झण्डाबीच आफ्नो झण्डा गाडेर गुप्तचरबाट समाचार लिने, आफ्नो राज्यमा जता जानु छ, त्यतै झण्डा गाड्ने र शिविरपनि बनाउने, राजाले तोप, यन्त्र, वाहन, सेनाको संख्या, धन आदिको संग्रह गर्ने, आफ्नो राष्ट्र, किला, बजार, राजधानी, निर्जल वन आदिमा प्रचुर धन खर्च खर्चेर (यो खर्च होइन) जलाशय बनाउने, धर्मकर्मलाई भविष्यको धन संग्रहमानी आयोजन गर्ने, आपत्तिबाट बच्न धनको रक्षागर्ने, धनभन्दा श्रेष्ठ स्त्रीको रक्षा तथा धन-स्त्रीभन्दा बढी स्वयंको रक्षागर्ने, आयको चौवन्नीपनि कसैबाट लिन नबिर्सनु तर करोडौं रूपये कल्याणको लागि खर्च गर्ने । नगरबाहिर विना सेनाको नजाने, ग्राममा पनि एक्लै नघुम्ने, नबस्ने, पैदल नहिंड्नु, पटकपटक कसैको घर नजाने ।

श्रीरामले राजनीति सिकाउदै गए- द्वारपाल, पानी पिलाउने सेवक, धोबी र नाई (हजाम)माथि कहिल्यै विश्वास नगर्नु, धोबीले ल्याएका लुगा चेकजांच गरि लाउनु भने नाईलाई धेरै रूपैया-पैसा दिएर खुशी राख्नु, पानको बीडा पहिला एउटा अरूलाई ख्वाउनु पछि अर्को आफू चपाउनु, पानीपहिला परिक्षण गरि आंखाले हेरेर मात्र पिउनु, अरूले दिएको फललाई जांच गरि मात्र सेवन गर्नु । अन्य राजा भेट्न आउंदा उनीसंग टाढाबाट नै भेट्ने, प्रतिदिन एक वा दुई चोटीमात्र राजसभामा जाने तर आधी प्रहरभन्दा बढी नबस्ने, सभामा गोडा फैलाएर नबसी घुंडा सिंकुडाएर बस्ने, सभामा बढी नहांस्ने, सभामा कहिल्यै फोहर लुगा नलाउने, सभामा कवचधारण गरि बस्ने, चुपचाप बस्ने त्यहां, नथुक्ने, कपाल नकन्याउने, घरायसी काम सभामा नगर्ने, आफूसंग द्वेष गर्नेलाई नगरनिकाला गर्ने, सदैव गणिका, गणक -ज्योतिष), वैद्य, गायक, बन्दीजन, नट, पण्डित, धर्मशास्त्री, सैनिक, वैदिक तथा ब्राम्हणलाई दानमान गरिर प्रसन्न राख्ने, सबैलाई सम्मान गर्दै कहिल्यै प्रजालाई व्यर्थ दण्ड नदिने, प्रजामा क्लेश हुन नदिने ।

राजद्वारको दूतले जहिल्यै पनि राजालाई भेट्न आउनेलाई लबादे उतार्नलगाई परतल खुलाउन लाउने, भेट्नेको अस्त्रशस्त्र त्यहीं राख्ने, राजासंग भेट्नेले प्रणाम गरि संकेतित आसनमै बस्ने, माण्डलिक राजा (एउटा मण्डलको राजा वा आजको जमानामा मुख्यमन्त्री)को लागि राजाको सम्मुख कुर्सी राखिने र माण्डलिक राजाले नहांसी, न जम्हाई लिई, पटकपटक हाछ्यूं नगरि अगाडी हातगोडा राखिकन राजामाथि हेर्दै बस्ने, माण्डलिकले आउंदा जांदा बारम्बार प्रणाम गर्ने ।

राजाले हाथी, गर्भिणी मृगी, पानी पिउंदै गरेको जीव, निद्रावस्थाको जीव र शरणमा आएको जीवको शिकार कहिल्यै गर्नुहुंदैन, शिकार खेल्नु अगावै आठवटै दिशामा मान्छेलाई नियुक्त गर्ने । रात्रीमा मित्रसंग कम्बल ओढेर स्वयं वा मित्रद्वारा महलबाहिर सहर (पुर)द्वारका अर्गलादण्ड निरिक्षण गरि अटपट कुरा गर्नेलाई सुन्ने, सपरिवार डुङ्गामा सयर नगर्ने, बजार वा कुनै चौराहामा नबस्नु, आफ्नी स्त्री/पुत्रलाई नधम्क्याउने, नगरबाहिर मोहरलागेको पत्र दिएरमात्र प्रजालाई जाननदिने (पासपोर्ट जस्तो अनुशासित र परिचय खुलस्त राख्न), नगरभित्रपनि आवतजावत गर्नपनि मोहरपत्र (परिचयपत्र) दिई जानदिने, वन वा बाटामा चोरले चोरी गर्न नपाउन् रूपैया लिएर चोरलाई रिहाई नगर्ने, तीर्थस्थानबाहेक राजाले मुण्डन नगर्ने, पर्वमा घरमा स्नान नगरि तीर्थ जाने, धनुष र वाणलाई गोडाले नछुने, चौपड-पचीसी नखेल्ने, ब्राम्हणको साथ वादविदान बढी नगर्ने, घरको द्वार तथा खुल्ला जमीनमा नबस्ने, बाटोमा पनि नबस्ने र दुःख खेद नगर्ने, महिलाले पानी भर्न जाने ठाउंमा नबस्ने, अन्नलाई सस्तोपार्न बनियां (व्यापारी)लाई दण्ड दिईरहने, महंगी बढ्यो भने देशको करभार (ट्याक्स) अलि कम पार्ने, कहिल्यै अतिशठता नगर्ने ।

राजाले कहिल्यै अनुहार हेरी न्याय गर्नुहुंदैन र जहिल्यै स्वयंले नै न्याय गर्नुपर्छ, कोही दुःखी आए भने उसको पीडा आदर पूर्वक सुन्ने, कुनै किसिमको घमण्ड नगर्ने, यज्ञ, दान, जप, होम, सन्ध्या, शिर्वाचन, स्नान र पुराणश्रवण भक्तिपूर्वक गरिराख्ने, प्रत्येक एकादशीको केवल फलाहार गर्ने र कहिल्यै निर्जल उपवास नगर्ने, ब्राम्हणले मागेको कुरा उनलाई देवता मानीकन पूरा गर्ने, क्रोधवस जेलमा हालिएकालाई कुनै उत्सवको मौकामा रिहा गर्दै जाने, यदि कसैले आफ्नो आज्ञा उल्लंघन गरेमा आफ्नो घांटी काटिएसरह लिने, आफ्नो दूतको अपमान आफ्नो अपमान ठान्ने । श्रीरामले यसपछि दिनचर्या जसरी आफूले गरिरहेका छन्, सोहि अनुसार कुशलाई अमल गर्न सिकाए ।